मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष १ | अंक १०७ | २०७९ साल फाल्गुन १२ गते शुक्रबार | Friday 24, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-





# राष्ट्रपति निर्वाचन पेंचिलो बन्दै

## प्रम प्रचण्ड राष्ट्रिय सहमतीका लागि भौंतारिदै

## नेपाल र नेम्वाङ्ग एमालेको प्रस्ताव

मधेशदृष्टि

जनकपुरधाम, ११ फागुन । राष्ट्रपति निर्वाचनका लागि केन्द्रिय राजनीति निकै तातिएको छ । राष्ट्रिय सहमति बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड प्रतिपक्षी सत्तारुढ गठबन्धनलाई मनाउनमा व्यवस्त रहेका छन् ।

प्रतिपक्षीसँग प्रधानमन्त्री प्रचण्डको सम्वादले एमाले अध्यक्ष केपीशर्मा ओली सत्तारुढ गठबन्धन खतरामा पर्न सक्ने भनेर झस्किएका छन् । प्रचण्ड कांग्रेसतिर ढल्किदै गएपछि एमाले नेताहरुलाई सत्तारुढ गठबन्धन भत्किन सक्ने महसूस गर्न थालेका छन् ।

बिहीवार प्रधानमन्त्री प्रचण्डले सिंहदरबारमा राष्ट्रपति राष्ट्रिय सहमति बनाउन नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीसँग गरेको तीन दलीय बैठक निष्कर्षविहीन भएको छ ।

बैठकबाट बाहिरिने क्रममा नेकपा माओवादीका नेता जनार्दन शर्माले बैठकमा विभिन्न विकल्पमा छलफल भएपनि कुनै सहमति नभएको बताएका । उनले भोलि पुनः बैठक बसेर सहमति गर्ने बताए ।

यस्तै बैठकपछि जसपाका अध्यक्ष उपेन्द्र यादवले सरकार, राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनबारे छलफल भएपनि टुंगोमा नपुगेको बताएका छन् । उनले भोलि पनि छलफललाई जारी राख्ने बताए । बैठकपछि एकीकृत समाजवादीका नेता प्रकाश ज्वालाले भोलि नेपाली कांग्रेससँग छलफल गरेर बाँकी टुंगो लाग्ने बताए । श्रोतका अनुसार प्रधानमन्त्री प्रचण्डले शुक्रवार एमाले अध्यक्षसँग फाइनल वार्ता गर्नेछ। यसपछि कांग्रेससँग पनि छलफल गर्नेछ। प्रधानमन्त्री प्रचण्डले आफ्ना कुर्सी जोगाउन सबैको सहमतिमा राष्ट्रपति र उपराष्ट्रपतिको उम्मेदवार बनाउने खेलमा लागेका छन । तर सत्तारुढ दल नेकपा एमाले केपी शर्माओलीले एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल वा एमाले नेता सुवास नेम्वाङको नाम अघि सारेका छन् । बुधवार

> “प्रधानमन्त्री प्रचण्डले आफ्ना कुर्सी जोगाउन सबैको सहमतिमा राष्ट्रपति र उपराष्ट्रपतिको उम्मेदवार बनाउने खेलमा लागेका छन । तर सत्तारुढ दल नेकपा एमाले केपी शर्माओलीले एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल वा एमाले नेता सुवास नेम्वाङको नाम अघि सारेका छन् । शुक्रवार प्रचण्डले एमाले अध्यक्षसँग फाइनल वार्ता र जसपा, नेकपा (एस) सँग समेत पुनः वार्ता गर्नेछ ।

प्रधानमन्त्री प्रचण्डसँग भएको बैठकमा अध्यक्ष ओलीले राष्ट्रपतिको लागि नेकपा एसका अध्यक्ष माधव कुमार नेपाल वा एमाले नेता सुवास नेम्वाङलाई अघि सार्दा सबैले स्वीकार गर्ने प्रस्ताव गरेका थिए ।

तर प्रचण्डले आफूले मात्रै भनेर हुदैंन सबै दलकै सहमतिमा उम्मेदवार बनाइने बताएपछि ओलीले ‘पुस १० को सहमतिमा तपाईंको अन्टरस्ट्यािडङ के हो ?’ भनेर भनेर प्रश्न समेत गरेका थिए । उनले पुस १० गते नै यो विषयमा सहमति भइसकेकाले यसमा केही गर्नै पर्दैन, बाहिर विभिन्न कुरा आइरहेकाले तपाईको धारणा सुन्न मात्र बसेको बताएका थिए ।

जवाफमा प्रचण्डले राष्ट्रपतिमा ‘तपाईंले पनि माधव नेपाललाई प्रस्ताव गरेको भन्ने सुनेको भन्दै वास्तविकता के हो ?’ भनेर जान्ने प्रयासले आएको थिए । ठिकैछ अन्य दलसँग पनि आफू यस विषयमा छलफल गर्ने बताएका थिए ।

प्रधामन्त्री प्रचण्डले ‘सकभर राष्ट्रिय सहमति जुटे धेरै राम्रो सन्देश जान्थ्यो । यदि त्यसो भएन भने पनि आखिर निर्वाचनमा त जानै पर्छ । हामीले जित्नेगरी जानु पर्दा जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग पनि सल्लाह गर्नुपर्छ’, प्रचण्डले ओलीलाई जवाफ दिएका दिएर बाहिर निस्केका थिए ।

### जसपालाई उपराष्ट्रपति दिन माओवादी तयार : यादव

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले आफूहरूलाई उपराष्ट्रपति दिन नेकपा माओवादी केन्द्र सकारात्मक रहेको बताएका छन् ।

माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित शीर्ष नेताहरूसँग बिहीवार भएको छलफलपछि यादव उपराष्ट्रपति पाउनेमा आशावादी देखिएका हुन् । अहिलेको सरकार एमाले माओवादी लगायत दलको सहकार्यमा बनेको हो । त्यसको विषय के हो अब एउटा किनारा लाग्नु पऱ्यो ।

त्यस विषयमा छलफल हुने छ ’ यादवले भने, ‘माओवादीहरू जसपालाई उपराष्ट्रपति दिने विषयमा सकारात्मक हुनुहुन्छ । अहिले पुरानो र नयाँ कोर्ष भनेर प्रवेशगरी सकेको छैन ।’

सत्ता साझेदार दलहरूले स्पष्ट लाइन लिएपछि मात्रै सबै कुरा टुंगो लाग्ने यादवले बताए । यादवले राष्ट्रपतिमा एमाले, कांग्रेस, एकीकृत समाजवादी लगायत दलबाट दाबी गरेको बताए । प्रधानमन्त्री प्रचण्ड कांग्रेसलाई समेत

- बाँकी पृष्ठ ६ मा

# शिक्षा कमजोर हुँदै गएकोमा पुर्वराष्ट्रपति डा. यादव चिन्तित



मधेशदृष्टि

जनकपुरधाम, ११ फागुन । जनकपुरधामको शिक्षास्तर दिनदिनै कमजोर हुँदै गएको भन्दै पूर्वराष्ट्रपति डाक्टर रामवरण यादवले चिन्ता व्यक्त गरेका छन् ।

जनकपुरधाममा बिहीबारदेखि सुरु भएको तीन दिवसीय चौथो ‘जनकपुर साहित्य महोत्सव’को उद्घाटन कार्यक्रममा पूर्वराष्ट्रपति यादवले यस्तो चिन्ता व्यक्त गरेका हुन् । उनले भने, ‘ जनकपुरधामको सरस्वती माध्यमिक विद्यालय र यहाँको राराब क्याम्पसको पढाई राष्ट्रिय स्तरमा प्रतिस्पर्धामा थियो ।

राष्ट्रिय स्तरमा काठमाडौंका धेरै कलेज भन्दा राम्रो रिजल्ट जनकपुरधामका विद्यालय र कलेजहरुको हुन्थ्यो । तर, अहिलेको अवस्था ठिक त्यसको विपरित भएको छ ।’ ‘गंगाधर दत्त, ठाकुर प्रसाद रेग्मी जस्ता अगुवा, रामस्वरुप साह जस्ता दानीहरु, यहाँका व्यापारी, मारवाडी समाज, नेपाली भाषी सबै मिलेर यहाँको विद्यालय, कलेज, अस्पताल निर्माणमा अगाडि बढे,’ उनले भने, ‘यहाँको संस्कृति र सभ्यता निर्माणमा सबैको महत्वपूर्ण योगदान थियो । तर, अहिले ति सबै बर्बाद भइसकेका छन् ।’

डाक्टर यादवले जनकपुरधामको शिक्षाको साथै पर्यावरण र स्वास्थ्यको अवस्था समेत दिनप्रतिदिन खस्किंदै गइरहेको बताए । पूर्वराष्ट्रपति डाक्टर यादवले आफू चिकित्सक पेशामा भएपनि लोकतन्त्रको लागि आन्दोलन गरेको स्मरणसमेत गरे । उनले आफ्नो सम्पूर्ण जिवन लोकतन्त्रकै लागि समर्पित गरेको बताए ।

जनकपुरधामको बाँकी रहेका धरोहरहरु यहाँका मठमन्दिर, पोखरी, सरोवरलाई बचाएर राख्नुपर्ने आवश्यकता रहेको बताउँदै डा. यादवले तेस्रो र चौथो पुस्ताले यसलाई संरक्षण गर्नुपर्ने भने । उनले भने, ‘लोकतन्त्र र गणतन्त्रको स्थापनामा आफ्नो सम्पूर्ण जिवन बितेपनि अहिले पनि डर लाग्छ । अमेरिकाको २४० वर्ष इतिहासमा कसैले पनि लोकतन्त्रको घाँटी निमोट्ने काम गरेका छैनन् । तर, नेपालमा लोकतन्त्रको घाँटी निमोट्ने काम गरियो । त्यसैले युवा पुस्तालाई लोकतन्त्र बचाउन सक्रिय हुनु पर्छ ।’

यादवले पर्यावरण अभियन्ता दिलीप महतोको मृत्यु कुन कारणले भएको हो भन्ने कुरामाथि विचार पुर्याउँदै ‘दिलीप महतोके मोन पाडैत’ भन्ने शेसनमाथि गम्भीर ध्यानाकर्षण गराए । उनले प्रश्न गर्दै भने, ‘अहिले चुरेको अनियन्त्रित दोहन भइरहेको छ। चुरिया भएर राजमार्ग बनिरहेको छ। माटो दोहन भइरहेको छ। यसलाई कसले बचाउने ?

### यो देशमा भएका तिनै तहको सरकारको जिम्मेवारी होइन ?’

पूर्वराष्ट्रपति यादवले नेपालमा प्रत्येक वर्ष ३ खर्बको खाद्यान्न बाहिरबाट आयात हुनु दुःखद रहेकोले तराईलाई मरुभूमीकरण हुनबाट बचाउन गम्भीर बन्नुपर्ने बताए। उनले पर्यावरण संरक्षण गर्दै पानीको स्रोतलाई बचाएर राख्न नयाँ पुस्तासँग आग्रह गरे ।

जनकपुरधाममा बिहीवारदेखि तीन दिवसीय चौथो ‘जनकपुर साहित्य महोत्सव’ सुरु भएको छ । महोत्सवको चौथो संस्करण १३ गतेसम्म चल्ने भएको हो ।

# भूमि अधिकार माग्दै भूमिहीनहरु अनिश्चितकालिन धर्नामा

मधेशदृष्टि

जनकपुरधाम, ११ फागुन। चुरे तथा वन जङ्गल संरक्षण अभियानीहरूले विभिन्न ५ बुँदे माग राख्दै बिहीवारदेखि अनिश्चितकालिन धर्नामा बसेका छन् । बिहीवार बेलुका ६ बजेदेखि जनकपुरधाम स्थित रामसागर रामस्वरुप बहुमुखी (राराब) क्याम्पसको पूर्वपट्टि गुठी संस्थानको खाली रहेको जग्गामा सयौंको सख्यामा रहेका भूमिहीन भनिएकाहरु चुरे तथा वन जङ्गल संरक्षण अभियानको नेतृत्वमा अनिश्चितकालिन धर्नामा बसेका हुन् । स्थानीय भुतही पोखरीबाट निस्केका जुलुस मुख्यमन्त्री कार्यालय हुँदै जिल्ला प्रशासन कार्यालय अगाडिबाट नगर प्रदर्शन गर्दै राराब क्याम्पसको पूर्वपट्टी चौरमा धर्ना दिन पुगेका थिए ।



धर्नामा बस्ने भूमिहीन भनिएकाहरु १०/१५ दिनसम्म बस्नका लागि आ आफ्नो पाल, लताकपडा र ओछ्याउन सहित लिएर गाउँ गाउँबाट पुगेका छन् । ती आन्दोलनकारीहरु मध्ये केहीले यो जग्गा नै सरकारले आफूहरुलाई दिने भनी शुरुमा छेकवार समेत गर्न थालेका थिए । चुरे तथा वन जङ्गल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले भूमिहीनहरुको भूमि अधिकारको सुनिश्चितता सहित चुरे तथा वन जङ्गल संरक्षण अभियान र मधेस प्रदेश सरकारबिच भएको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्न पहल गर्नुपर्ने, अवैध क्रसर उद्योगहरूको गतिविधि उपर तत्काल रोक लगाउन र दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणाको माग लिएर अनिश्चितकालिन धर्ना आयोजना गरिएको बताए ।संयोजक यादवले उनले भूमिहीन तथा सुकुम्वासीको आवासको हक मौलिक हकको रूपमा धारा ३७ मा व्यवस्था भएकोले राज्यले गम्भीरताका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने आफूहरूको माग रहेको बताए ।

उनले वैदेशिक रोजगार सम्बन्धी समस्या समाधान गर्न संविधानको धारा ३३ मा व्यवस्था भए अनुसार सुरक्षित तथा योग्यता अनुसार सुनिश्चित रोजगारीको व्यवस्था मिलाउनुपर्ने र स्थानीय तहको निर्वाचन गैर दलीय प्रतिस्पर्धा अन्तर्गत व्यवस्था मिलाउँदै दलितको लागि राजनीतिक आरक्षण सुनिश्चित गर्न पालिका प्रमुखहरू चक्रीय प्रणालीमा व्यवस्था गर्नका लागि संघ सरकार निर्वाचन कानुन परिमार्जन गरी कार्यान्वियन गरोस् भन्ने पनि हाम्रो माग रहेको बताए ।

अभियानका संरक्षक सरोज रायले आफूहरूको मागप्रति संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित निकाय सजग नभएकोले बाध्य भएर फेरि आन्दोलनमा उत्रेको जानकारी दिए । उनले संघीय निजामती सेवा ऐन, नागरिकता ऐन संशोधन गर्न नसक्दा अनेकन समस्याहरू जनजीविकाको सवाल भएर आएको बताउँदै मधेस मरुभूमि करण हुने संकट निकट भविष्यमा नै देखा पर्न सक्ने स्थिति उत्पन्न भएको अवस्थामा अझ सेटिङ्ग मार्फत अवैध क्रसर उद्योग लगायत नीतिगत रुपमै ढुंगा, बालुवा निकासीका लागि मापदण्ड बिना नै अनुमति प्रदान गर्ने काम नरोकिनु चिन्ताको विषय रहेको जिकिर गरे। उनले आफूहरूको माग पुरा गराउन आगामी दिनमा पनि शान्तिपूर्ण रूपमा धर्ना, दबाब सिर्जना गर्न एक घण्टे चक्का जाम, ग्रास रुट मुभमेन्टको रूपमा गाउँ गाउँमा अभियान लगायत थप सङ्घर्षका कार्यक्रमहरू सार्वजनिक गर्ने जानकारी दिए ।




# गुजरामा मेलमिलाप सम्बन्धि तालिम सुरु



आरके श्रीवास्तव
गरूडा,११ फागुन । रौतहटको गुजरा नगरपालिकाको सहयोग र नमस्ते विकासमूलक समाजिक संस्थाको आयोजनामा चन्द्रपुर स्थित होटेल एन प्लाजामा बिहीबार देखी सामुदायिक मेलमिलाप सम्बन्धि ८ दिने तालिम सुरु भएको छ।

गुजरा नगरपालिकाको प्रत्येक वडामा मेलमिलाप समिति गठन भइसकेका समितिहरूको लागि तालिम दिन थालिएको हो । कार्यक्रममा अधिवक्ता हेमचन्द्र लाल कर्णले मेलमिलाप सम्बन्धि प्रशिक्षण दिएका थिए । नगरपालिकाको उपमेयर रत्ना लामाले तालिमको उद्धाटन गर्दै उनले तालिममा सहभागीलाई आ-आफनो वडामा तालिमबाट सिकेको ज्ञानलाई ब्यवहारमा उतार्न आग्रह गरिन् ।

गुजरा नगरपालिकाका नि.प्रमुख प्रशासिकिय अधिकृत बिनोद कुमार जयसवालले तालिमबाट सिकेर जाने सहभागीहरुले न्यायीक समितिले सम्पादन गर्ने कामहरुको गहन रुपमा बुझेर जान सहभागीहरुसँग आग्रह गरे । बिगत ५ वर्षमा नभएको काम हामीले गरिरहेका छौं । न्यायीक समितिले काम गरेको भएपनि तालिम भने पहिलोपल्ट आयोजन गरिएको उनले बताए । न्यायीक समिति लाई बलियो बनाउने उदेश्यले गुजरा नगरपालिकाले तालिमको आयोजन गरेको बताए ।

तालिम पछि गुजरा नगरपालिकाको मुद्दाहरू जिल्ला अदालत सम्म नपुगोस् ,मिलापत्र गराउन यहाँहरू सफलहुनुस् । यहाँ बाट दक्ष मेलमिलापकर्ता बनेर जानुहोला भनेर आग्रह गरे । त्यस्तै अधिवक्ता हेमचन्द्र लाल कर्णले यो तालिम नाम मात्रको लागि नहोस्,यसलाई व्यवहारमा उतार्न आग्रह गरे ।

न्यायीक समितिमा परेको उजुरीको आधारमा मेलमिलाप गर्ने वारे कानुनमा भएको कानुनी प्रकृयाको बारेमा जानकारी लिन आग्रह गरे ।

पछिल्लो समय समुदायस्तरमा विभिन्न किसिमका स-साना विवादहरू समयमा नै मिलाउन नसक्दा त्यसले ठुलठुला समस्या उत्पन्न हुने गरेको छ । यसरी समुदायस्तरमा विभिन्न किसिमका विवादहरू बढ्दै जाँदा न्याय सम्पादन गर्न भने थप सकस बन्ने गरेको छ । समुदाय स्तरमा न्याय सम्पादन गर्न नसक्दा स-साना विवादहरुले झन झन ठुलो रुप लिदैं जाँदा समाजलाई नै खलबलाउने देखिएपछि गुजरा नगरपालिकाले आफ्नो नगरभित्र चुस्तदुरुस्त न्याय सम्पादनका लागि आधारभूत तालिमको आयोजना गरी समुदायस्तरमा नै न्याय सम्पादनका लागि दक्ष जनशक्ती उत्पादन गर्ने उदेश्यले तालिम दिन लागेको हो ।

नगरका ९ वटै वडामा गठित मेलमिलाप समितिलाई न्याय सम्पादनमा सहज र सरल होस भन्ने उदेश्यले आयोजित तालिममा सहभागी नगरका प्रत्येक वडाको न्यायीक समिति बाट बाट ५/५ जनागरी ४५ जना प्रशिक्षार्थीहरुलाई तालिम दिई राखिएको छ । सो कार्यक्रममा सबै वडाका न्यायीक समितिका सदस्यहरू,कर्मचारीहरू,मेलमिलाप कर्ता,पत्रकार लगायतको उपस्थिती रहेको नमस्ते विकासमूलक समाजिक संस्थाका संयोजक राजेश चौधरीले जानकारी दिए।



माता सीताको विवाहको बेला वेदी बनाउनको लागि माटो खनिएको महोत्तरी जिल्लाको मटिहानी नगरपालिकामा अवस्थित लक्ष्मी सरोवरमा गरिएको साजसज्जा । १५ दिने माध्यमिक परिक्रमा मटिहानी आएकोमा विशेष साजसज्जा गरिएको छ।

*तस्बिर : सञ्जीतकुमार मण्डल, रासस*

### हातीपाइले रोग विरुद्धको औषधि खुवाउने अभियान शुरु

# हात्तीपाइले रोगको प्रभावलाई रोक्न सरकार तत्पर : मन्त्री साह

मधेशदृष्टि
जनकपुरधाम, ११ फागुन । मधेस प्रदेशका सामाजिक विकासमन्त्री सुरिताकुमारी साहले प्रदेशका जिल्लाहरुमा हात्तीपाइले रोगको प्रभावलाई रोक्न सरकार तत्पर रहेको बताएकी छन् ।

बिहीबार जनकपुरधाममा हात्तीपाइले रोग निवारण कार्यक्रम २०७९ अन्तर्गत औषधि खुवाउने अभियानको शुभारम्भ गर्दै मन्त्री साहले यस रोगलाई रोक्नका लागि प्रदेश सरकार तत्पर रहेको र स्वास्थ्यकर्मीहरु समेत सजग हुनुपर्ने आवश्यकता रहेको बताइन् ।

उनले यस कार्यमा स्थानीय तहहरुलाई पनि समन्वय गर्न आग्रह गरेकी छन् । उनले प्रदेशमा हात्तीपाइले रोगलाई आउन नदिन हरसम्भव उपायहरु अपनाउन सरोकारवाला सबैसँग अनुरोध गरिन् । साहले भनिन्, ' यो रोग समुदायमा गएपछि हामीलाई अप्ठ्यारो हुन्छ । त्यसैले वडास्तरसम्म पनि कार्यक्रमहरु गरेर रोगलाई आउन नदिन सबै सचेत हुनु पर्दछ ।'

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख युगल किशोर यादवको अध्यक्षतामा आयोजित अभियान शुभारम्भ कार्यक्रममा राष्ट्रिय



जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रुणा झाले हात्तीपाइले रोग नेपालबाट उन्मुलन हुन नसकेको बताइन् । उनले सर्वेक्षण अनुसार अहिले मधेस प्रदेशका हाल पाँचवटा जिल्लामा यसका रोगी रहेको र ति जिल्लाहरुका दुई प्रतिशत भन्दा बढि व्यक्तिमा रोगको लक्षण देखिएको बताइन् ।

धनुषा जिल्लामा रोगीको संख्या न्यून रहेपनि महोत्तरीको मटिहानीमा भने यो संख्या तुलनात्मक रुपमा अत्यधिक रहेको उनले जानकारी दिइन् ।

डा. झाले औषधि खाएर यसलाई कन्ट्रोल गर्न सकिने र एकचोटी खाएमा रोगको प्रभाव ०.४ प्रतिशत रुक्ने बताइन् । कार्यक्रममा नेपाली कांग्रेस मधेस प्रदेशका प्रमुख सचेतक कुमर कान्त झा, जिसस धनुषाका प्रमुख राजनन्दन मण्डल, धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालसहितकाहरुको उपस्थिती रहेको थियो ।

धनुषाको हरेक पालिकाको वडाहरुमा बिहीवारदेखि हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने थालिएको छ । ७ दिनसम्म चल्ने यो अभियान अन्तर्गत जिल्लामा रोगको प्रकोप बढ्दै गएपछि प्रतिरोधात्मक औषधि घर-घरमा गएर खुवाइने व्यवस्था मिलाइएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय धनुषाका स्वास्थ्य अधिकृत शिवजी दासले स्वास्थ्यकर्मीहरू घरघरमा पुगेर ३ वर्षदेखि माथि उमेरका सबैलाई उचाइ, वजनअनुसार औषधि खुवाउन लागेको जानकारी दिदैं दुई वर्ष मुनिका बालबालिका, गर्भवती महिला, ७ दिनसम्मका सुत्केरी, छारे रोगी, सिकिस्त बिरामी तथा २४ घण्टा अगाडी ज्वरो आएका व्यक्तिलाई सो औषधि नखान आग्रह गरेको छ ।

आगामी चैत महिनामा घर-घरमा गएर म्यापिङ्ग गरि रोगको वास्तविक तथ्यांक संकलन गरिने उनले बताए । महोत्तरीमा हात्तीपाईले रोगको बिरामी फेला परेपछि धनुषामा समेत औषधि खुवाउने अभियान सञ्चालन गरिएको हो ।

धनुषा, महोत्तरी र सिन्धुली गरी तीन जिल्लाको इमप्लिटेसन युनिट रहेकाले महोत्तरीमा हात्तीपाइले रोग फेला परेपछि युनिट नै फेल भएको निष्कर्ष निकाल्दै पुनः अभियान चलाउन थालिएको हो ।

# कर्मचारी र वैकल्पिक उर्जा आभावले उच्च अदालतको कामकाज प्रभावित

मधेशदृष्टि, जनकपुरधाम, ११ फागुन । कर्मचारी, न्यायाधीश र वैकल्पिक उर्जा अभावले उच्च अदालत जनकपुरधामको कामकाज प्रभावित बनेको छ । कर्मचारी र न्यायधिश सहितका जनशक्तिको अभावमा मुद्दा फैसलाको काम अपेक्षा गरेअनुसार अघि बढ्न नसकेको उच्च अदालत जनकपुरधामका उपरजिष्ट्रार उद्धव ढोंडारीले बताएका छन् । उनले यहाँ १२ जना न्यायाधीशको दरबन्दी रहेपनि ७ जना मात्रै कार्यरत रहेको जानकारी दिए । न्यायाधीश अभावका कारण उच्च अदालत जनकपुरमा दैनिक ६ वटा बेन्चमा ३ वटा बेन्च मात्रै बस्दै आएको उनले बताए । दैनिक ३ सयको संख्यामा सेवाग्राही आउने गरेको कारण कार्यसम्पादनका लागी आफुहरु बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म काम गर्दापनि कर्मचारी आभावले मुश्किलले ६०/६५ वटासम्म मात्र मुद्दाको पेशी हुनेगरेको ढोंडारीले जानकारी दिए । ५ जना न्यायाधीशको पदपूर्ती गरिए आगामी दिनमा न्यायिक निरुपणलाई शिघ्रता दिन सकिने उनको विश्वास छ । स्वच्छ सुनुवाइ र छिटोछरितो न्याय सम्पादनका लागी समयबद्ध तालिका बनाएर कार्ययोजनासहितको न्याय निरुपणमा लाग्ने उनले बताए । वैकल्पिक ऊर्जाको अभावले समेत अदालतको न्याय सम्पादनको कामकाज प्रभावित हुने उनको भनाई छ । उनले भने गर्मी मौसमको सुरुवात भएसँगै अब विद्युत कटौति पनि बढ्दै गएकाले उच्च अदालत जनकपुरको कामकाज प्रभावित हुन थालेको छ । ढोंडारीले भने सोलार भएपनि ब्याट्रीहरु पूरानो हुँदा कामै नलाग्ने रहेकाले विद्युत कटौति हुँदा अति आवश्यक बयानहरु कर्मचारीको व्यक्तिगत ल्यापटपबाट लिनुपर्ने बाध्यता रहेको सुनाए । उनले पेपरलेस कामहरु जस्तै आदेश तयार गर्ने, फैसला लेखन कार्य लगायतका कामहरु विद्युत कटौति हुँदा प्रभावित हुने गरेको जानकारी दिए ।उनले भने, 'विद्युत कट्दा कार्यालयको अधिकांश कोठामा पंखासमेत चल्ने अवस्था हुँदैन । कर्मचारीहरु गर्मीमै काम गर्न बाध्य हुन्छन् । हामीलाई धेरै पीडा छ । सुन्ने कोही छैनन् ।' हुनत यसअघि अर्थ मन्त्रालयले मेशिनरी खरिद, मरम्मत सम्भार लगायतका शीर्षकमा ३ लाख रुपैयाँ बजेट विनियोजन गरेपनि त्यसबाट अधिकांश पैसा फिर्ता नै भएको बताए । यसका साथै जनकपुरधामउपमहानगरपालिकाले पनि फोटोकपी मेशिन, ब्याट्री र एसी खरिद लगायतका लागि १२ लाख रुपैयाँ उपलब्ध गराउने भनेको थियो भन्दै उनले उपमहानगरका लेखा अधिकृत नन्दकुमार झा निलम्बनमा पर्दा ती सामानहरु नपाउंदा अझ समस्या बढेको पीडा सुनाए ।

# मटिहानीमा परिक्रमावासीलाई भव्य स्वागत, आज जलेश्वर पुग्ने

मधेशदृष्टि
जनकपुरधाम, ११ फागुन । मिथिलाको बहुचर्चित सांस्कृतिक उत्सवको रुपमा रहेको 'मिथिला माध्यमिकी परिक्रमा' बिहीवार चौथो दिन महोत्तरीको मटिहानी पुगेको छ । शुक्रवार महोत्तरीको सदरमुकाम जलेश्वर पुग्नेछ ।

नेपाल-भारतको सिमावर्ती क्षेत्र गिरिजास्थानबाट पदयात्रा गर्दै परिक्रमाबासीहरू बिहीबार बिहान मटिहानी पुगेका हुन् ।

परिक्रमामा सहभागीहरुलाई मटिहानी नगरपालिकाका मेयर हरि मण्डल र स्थानीयहरुले भव्य स्वागत गर्दै तिनीहरुको बास बस्ने खानाको प्रबन्ध मिलाएको जनाइएको छ ।

यसैबीच परिक्रमामा सहभागीहरुको स्वागत एवं सहयोगका लागि महोत्तरीको मटिहानी नगरपालिकाले बिहीवार नगरपालिकामा सार्वजनिक बिदा समेत दिएको थियो । मिथिला माध्यमिकी परिक्रमा अन्तर्गत मटिहानीमा विश्रामस्थल रहेकाले नगरपालिकामा सार्वजनिक बिदा दिइएको नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए ।

धनुषाको ठेरा कचुरीस्थित मिथिलाबिहारी मठबाट सोमबारदेखि सुरु भएको मिथिला माध्यमिकी परिक्रमा पहिलो दिन हनुमानगरमा विश्राम गर्दै मंगलबार बिहान कल्याणेश्वरको लागि प्रस्थान गरेको थियो । मंगलबार यात्रीहरूले कल्याणेश्वर स्थान (कलना) र बुधबार गिरिजास्थानमा विश्राम गरेका थिए ।

परिक्रमामा सहभागीहरू शनिबार मडै, आइतबार ध्रुवकुण्ड, सोमबार कञ्चनवन, मंगलबार पर्वता, बुधबार धनुषाधाम, बिहीबार औरही, शुक्रबार विशौल हुँदै शनिबार पुनः कल्याणेश्वर र त्यसपछि पूर्णिमाका दिन आइतबार जनकपुरधाम फर्कने छन् ।

कञ्चनवनमा अग्निकुण्ड मन्दिरको आयोजनमा परिक्रमामा सहभागीहरूले एक आपसमा होली खेलेपछि औपचारिकरूपमा होलीको सुरुवात भएको मानिन्छ ।

हरेक वर्ष हुने परिक्रमामा भक्तजनले १५ दिनमा नेपालको १०५ र भारतको २८ गरि कूल १३३ किलोमिटरको दूरीमा पैदल यात्रा गर्छन् ।

पवित्र धार्मिक स्थलहरूको परिक्रमा गर्दा पाप नाश हुनुका साथै पुण्य मिल्ने जनविश्वास छ । परिक्रमा अवधिभर सहभागीहरूले झाँकी, भजनकीर्तन पनि गर्छन् । मिथिलाको महाकुम्भ भनेर चिनिने यस महामहोत्सवमा हजारौंको सहभागिता रहने गरेपनि यस धार्मिक यात्रालाई व्यावसायिक रूप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासको गुनासो रहेको छ ।

परिक्रमामा सहभागीहरूका लागि प्रत्येक वर्ष बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाउने गरेको छ ।

परिक्रमा गर्नेहरू राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् । स्थानीयबासिहरूले पनि सहभागीका लागि अन्न, दाउराको प्रबन्ध मिलाउँदै आएका छन् ।

नेपाल भारत दुवै मुलुकको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतीक बनेको यस परिक्रमा यात्रामा नेपालको १३ तथा भारतको २ गरी जम्मा १५ वटा विश्रामस्थलहरू छन् ।

मिथिला महात्म्यअनुसार १८औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आएको हो ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारवटै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षिरेश्वर र सप्तेश्वर नाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# आगलागीले संकटमा पाऱ्यो छोरीको विवाह

विनय कर्ण
सप्तरी, ११ फागुन । यही २५ फागुनमा सप्तरीको बोदेबरसाईन नगरपालिका वडा नम्बर १० खडकपुरकी २० बर्षीय सन्तोषीकुमारी यादवको विवाहका लागि शुभमुहुर्त्त निकालिएको थियो ।



उनका ५५ बर्षीया बुवा पलानु यादव र ५० बर्षीय आमा सीतादेवी यादव आफ्नो छोरी सन्तोषीको विवाह धुमधामका साथ गर्ने तयारीमा जुटेका थिए । तर, उनीहरुको यो सपना तत्कालै पुरा हुन्छ भने भन्न सकिने अवस्था रहेन ।

बोदेबरसाईन नगरपालिकाकै वडा नम्बर ५ स्थित जाँजरमा छोरीको विवाह गर्नै निधो गरेका पलानु सबै घरपरिवार बिहीबार दुलहा दुलहीको लागि कपडा किनमेल गर्न बजार गएको बेला उनको घरमा आगलागी भई सबै थोक जलेर खरानी भएको छ ।

आगलागीमा घर सहित सबै थोक जलेर नष्ट भएपछि निकै कमजोर आर्थिक अवस्था रहेको यादव परिवार अहिले असह्य पीडामा छन् ।

विच्चलीमा रहेका उनका परिवारजन कुनै प्रतिक्रिया दिन सक्ने अवस्थामा पनि छैन् ।

"छोरीको विवाहका लागि केही दिन अघि एउटा लघुवित्त संस्थाबाट रु साढे ४ लाख ऋण लिएको रकम पनि घरमै थियो, थप नगद रकम पनि घरमा राखेको थियो ।

सुन, चाँदी, धान चामल लगायतका सबै सामान जलेर खरानी भएको छ" बोदेबरसाईका उमेश साहले भने, "अहिले नगद र सुनचाँदीको खोजी भईराखेको छ आगोमा जल्यो कि कसैले राखेको छ भन्ने बारे अत्तोपत्तो छैन् ।"

आगलागी हुँदा घरमा कोही थिएन् दुलहा दुलहीको कपडा किनमेल गर्न सबै जना बजार गएको प्रत्यक्षदर्शीले बताए । प्रत्यक्षदर्शीका अनुसार आगलागीमा सबै गुमाएरका चारैजना यादव परिवार दाजुभाई हुन् र चारै दाजुभाईको एउटा-एउटा गरी जम्मा चारवटा घर मात्रै थिए ।

आगलागीमा पलानु यादवको घर र सो संगै धान ६ क्विन्टल, चामल १५ क्विन्टल, स्टिल दराज १ थान, स्टिलको ट्रङ्क ३ थान, काठको पलङ्ग १ थान र नगद रु एकलाख, मोवाईल २ थान र लाताकपडा पुर्ण रुपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार सोही ठाउँका गोहालु यादवको घर सहित धान २० क्विन्टल, चामल ३ क्विन्टल, लाताकपडा, मोबाइल, काठको पलङ्ग, काठको खाट २ थान जलेर नष्ट भएका छन् ।

त्यस्तै सोही ठाउँका उमेश यादवको घर सहित धान १० क्विन्टल, चामल १० क्विन्टल, स्टिल दराज १ थान, काठको खाट, लाताकपडा, भाडा बर्तन, कुर्सि टेबुल र बिरेन्द्र यादवको घर सहित ,धान ४ क्विन्टल, चामल ५ क्विन्टल, फर्निचर, लाताकपडा भाडा बर्तन गरी सबैजनाको कूल १७ लाख ७५ हजारको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ । तर, स्थानियहरुले २५ लाख भन्दा बढीको क्षति भएको बताए ।

विद्युत सर्ट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए । स्थानिय, ईलाका प्रहरी कार्यालय वोदेबरसाईनका प्रहरी टोली, शसस्त्र प्रहरी तथा शम्भुनाथ र राजबिराज नगरपालिका बाट आएको दमकलको सहयोगमा नियन्त्रण लिईएको थियो ।

# सामुदायिक बिधालयहरूमा चैत ५ देखि वार्षिक परीक्षा

मधेशदृष्टि
गरूडा,११ फागुन । रौतहट जिल्लाको फतुवा बिजयपुर नगरपालिकामा बार्षिक परीक्षा फागुन ५ गते देखि सुरू हुने भएको छ ।

नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक बिधालयहरूमा वार्षिक परिक्षा फागुन ५ देखि सुरू भई १४ गते सम्म सञ्चालन हुने नगर स्तरिय परीक्षा समितिका संयोजक सुबोध प्रसाद यादवले जानकारी दिएका छन् ।

सो नगरपालिकाको वडा नं ८ स्थिति रहेको श्री सरस्वती प्राथमिक बिधालयमा बुधवार संयोजक यादवको संयोजकत्वमा बैठक बसि परिक्षा सञ्चालन सम्बन्धि निर्णय गरिएको हो । बैठकमा बार्षिक परीक्षा २०७९ संचालन , प्रश्नपत्र निर्माण लगायतका बिषयमा छलफल गरिएको थियो ।

बैठक बाट चैत ५ गते देखि बार्षिक परीक्षा सुरू गर्ने ,प्रश्न पत्रको निर्माण गर्ने जिम्मा नगरभरिका बिधालयरू लाई अलग अलग जिम्मेवारी दिने निर्णय गरिएको फतुवा बिजयपुर नगरपालिकाका शिक्षा संयोजक तेजनरायण राय यादवले जानकारी गराए ।

बार्षिक परीक्षा दुई सिफ्टमा गरिने उनले बताए । प्रथम सिफ्टमा बिहान १०:३० देखि १:३० बजे सम्म कक्षा १ देखि ८ सम्मको जाँच लिने र दोस्रो सिफ्ट दिउँसो २ बजे देखि ४ बजे सम्म कक्षा ६ देखि जाँच लिने यादवले बताए ।

सो अवसरमा श्री मावि टेंग्राहाका प्रधानाध्यापक अनिल यादव, श्री मावि पेटभर्वाका प्रअ रामकिसोर यादव ,श्री मावि बिजयपुरका प्रअ शंकर राय यादव,नेपाल शिक्षक संघका नगर अध्यक्ष राधेश्याम यादव, प्रअ जोतनारायण यादव लगायतका व्यक्तीहरुको उपस्थिती रहेको थियो ।

# बारा प्रहरीद्धारा सार्वजनिक स्थानमा डिजे बजाउनबाट रोक

मधेशदृष्टि,
वीरगंज, ११ फागुन । बारा प्रहरीले जिल्लामा सार्वजनिक स्थानमा डिजे बजाउन रोक लगाएको छ ।

जनस्तरबाट गुनासो आएपछि सार्वजनिक स्थानमा डिजे बजाउन रोक लगाउने गरी निर्देशन दिइएको बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिएका छन् । प्रहरी उपरीक्षक बोगटीले सार्वजनिक स्थानमा डिजे बजाएको पाइएमा प्रहरीलाई जानकारी गराउन अनुरोध गरेका हुन ।

गाडीमा ठुला स्पिकर राखेर चर्को आवाजमा गीत बजाउने क्रम बढ्दो अवस्थामा रहेपनि नियन्त्रणका लागि सम्बन्धित निकायले चासो नदेखाएको भन्दै चौतर्फी आलोचना हुँदै आएको थियो । उत्सव र कार्यक्रमका नाममा चर्को आवाजमा डिजे बजाउने क्रम बढेपछि प्रहरीले नियन्त्रण गर्न लागेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# जथाभावी फोहर फाल्नेलाई कारवाही

मधेशदृष्टि
वीरगंज, ११ फागुन । वीरगञ्ज महानगरपालिकाले सडकपेटीमा जथाभावी फोहोर फाल्ने ७ जनालाई फेरि कारबाही गरेको छ ।

सडकपेटीमा फोहोर फाले बापत उनीहरुलाई जरिवाना गरिएको हो ।

सडकमा जथाभावी रुपले फोहोर फाल्दै गरेको आरोपमा स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा.बिमला महर्जन बछार, रामजी सिकारीया र भवानी साईकल स्टोरलाई ५/५ हजार रुपैँया जरिवाना गराईएको छ भने लिंक रोडको मनकामना गेष्टहाउस, कौशल अग्रवाल, तिरुपती टुल्स, जयमाँ वैष्णो टेडर्सलाई जनही १ हजार रुपैया जरिवाना गरिएको बीरगंज महानगरपालिका सरसफाई तथा फोहोर व्यवस्थापन अधिकृत सरफुद्धिन मियाँले जानकारी दिए ।

# डिभिजन वन कार्यालय रौतहटले छिट्टै काठ आपुर्ति गर्ने



आरके श्रीवास्तव
गरुडा,११ फागुन । डिभिजन वन कार्यालय रौतहटले छिट्टै काठ आपुर्ति गर्न लागेको छ । एक हप्ता भित्रै काठ आपुर्ति खोलिने डिभिजन वन कार्यालय रौतहटका सूचना अधिकारी रामप्रसाद साहले जानकारी गराएका छन् । कार्यालयले आपूर्तिको काठलाई सहज रुपमा नागरिकलाई वितरण लागेको हो ।

रौतहटमा संचारकर्मीहरु सँग समन्वय बैठक सम्पन्न भएको छ । डिभिजन वन कार्यालय रौतहटले संचारकर्मीहरु सँग विहिवार समन्वय बैठक गरेको छ । जिल्लाको चन्द्रपुर नगरपालिका स्थित रहेको डिभिजन वन कार्यालय रौतहटको सभाहलमा एक दिने बैठक सम्पन्न भएको छ । जिल्ला वन पैदावार आपूर्ति समिति अन्तरक्रिया तथा छलफलका सञ्चारकर्मीहरु लाइ बोलाइएको थियो ।

बैठकमा डिभिजनल वन अधिकृत सुनिल कुमार कर्णले जिल्लाको परिचय,उदेश्य,जिल्ला वन पैदावार आपूर्ति समिति गठन,काठ,दाउराको स्रोत,काठ दाउराको आपूर्ति,काठ,दाउरा माग गर्दा पेश गर्नु पर्ने,काठ,दाउराको दररेट,बिक्री वितरण प्रक्रिया र सुधार गरिने विषयमा विस्तृत रुपमा जानकारी गराएका थिए ।

डिभिजनल वन अधिकृत कर्ण आएपछि हाल काठ तस्कर हुने तथ्याङ्कमा पनि ओरालो लागेको छ । यस अघि वन कार्यालयमा नागरिकले काठको लागि दिएको निवेदन दर्ता गराएकाहरुलाइ पहिले आपुर्ति गरिने भएको छ । नयाँ आवेदनहरु पनि लिइने अधिकृत कर्ण जानकारी दिए ।

काठ मागको कार्यालयमा निवेदन धेरै आएपनि आवश्यकतालाई मध्यनजर गरेर आपुर्ति गरिने कर्णको भनाई छ ।

डिभिजन वन कार्यालयले चालु आर्थिक वर्षमा मात्रै डेढ लाख क्यू फिट काठ स्थानीयहरुलाई दिने लक्ष्य राखेको छ । चोरी निकासीलाई न्यूनिकरण गर्न आपुर्तिमा वृद्धि गरेको अधिकृत कर्णको भनाई छ । डिभिजन वन कार्यालय रौतहटले सामुदायिक वन मार्फत प्राप्त काठहरु लाइ काठ आपुर्ति समिति मार्फत आपुर्ति गर्ने छ। धार्मीक,सांस्कृतिक तथा पुरातात्विक सम्पदाको निर्माणको लागि,दैवीप्रकोप विपदमा परेको परिवारको लागि,शीतलहर, धार्मीक कार्य,शवदाह संस्कार,जनसहभागितामामा गरिने साना लागतका विकास निर्माण कार्य,घरकाजको रुपमा नयाँ घर निर्माण कार्य,कृषि औजार,वन पैदावारमा आधारित उधोगलाइ वन कार्यालयले काठ आपूर्ति गर्दै आएको छ ।

# बंगेरी पुल निमार्णमा तिब्रता

मधेशदृष्टि
वीरगंज, ११ फागुन । बाराको बन्जरियामा करिब ७ वर्षदेखि अलपत्र अवस्थामा रहेको बंगेरी पुल निर्माणमा गति लिएको छ । प्रसौनी गाउँपालिका वडा नं.७ स्थित उक्त पुलले जितपुर सिमरा उपमहानगरको सिमरा फत्तेपुर, डुमरवाना सडकखण्ड जोडने गर्दछ । २०७३ सालमा ठेक्का सम्झौता भएपनि पुल निमार्णको काम अलपत्र छोडेर ठेकदार सम्पर्क विहीन भएपछि स्थानीयहरूको गुनासोका आधारमा बारा निर्वाचन क्षेत्र नं ४ का संघीय सांसद किसान श्रेष्ठको पहलमा पुल निमार्णको काम अगाडि बढेको स्थानीयहरूले बताएका छन् । सो पुल निमार्णका लागि सडक डिभिजन कार्यालय हेटौंडाले ६ करोड लागतमा मोना र इलाइट जेभी कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो । सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेश यादवले समयमै काम सम्पन्न नगरे ठेक्का सम्झौता तोड्ने सार्वजनिक सूचना निकालेपछि ठेकदार काममा फर्किएको बताए । करिब ७५ मिटर लामो बंगेरी पुल अगामी असार मसान्तभित्र सम्पन्न गर्ने गरी अहिले पुल ढलानको काम भइरहेको छ । पुलको ६० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेश यादवले बताए ।

# डा. बिजयले गरे बिना दाईजो बिहे



मुकेश कुमार साह
रौतहट, ११ फागुन । मधेश प्रदेशमा ब्याप्त रहेको दाईजोको बिरोध गर्दै एक जोडीले आदर्श बिहे गरेका छन् ।

रौतहटको चन्द्रपुर नगरपालिका वडा नं.६ मोतियाहीकायूवा डाक्टर बिजय साहले विनादाइजो विवाह गरेका हुन् । तराईमा दाइजो प्रथा व्याप्त छ । यहाँ विना दाइजो त विवाहको कल्पनै गर्न सकिँदैन । यस्तो बेला दाइजो विना विवाह गर्नु भनेको सिङ्गो समाजलाई नै चुनौती दिनु हो । डा. बिजयले विना दाइजो आदर्श विवाह गरेर दाइजो प्रथालाई चुनौती दिएका छन् ।

बिजय एम.बि बि एस सकेर अहिले मनहरी अस्पतालमा मेडिकल अफिसर भएर काम गरिरहेका छन् । मध्यम परिवारमा हुर्केका बिजयइश्वि सम्वत २०१५ सालमा नेपाल सरकारले उपलब्ध गराउदै आएको फ्री स्कलरसिपमा नाम निकाली एमबिबिएस पास गरेका हुन् । उनी रौतहटका किसान हिर्दे नारायण साहका छोरा हुन् । घरमा विवाहको कुरा चलेपछि विना दाइजो आदर्श विवाहगर्ने सहमतिमा मात्रै उनी विवाह गर्न राजी भएका थिए । उनले बाराको महागढिमाई नगरपालिका १ बाराका ओमप्रकाश साह कानुकी छोरी प्रियंका गुप्तासँग आदर्श विवाह गरेका हुन् । प्रियंका पनि ल्याब टेक्निसियन अर्थात स्वास्थ्य क्षेत्रमा नै काम गर्दै छिन् । 'छोराको चाहाना अनुसारनै हामीले आदर्श विवाह गराएका हौं । हामीलाई लाउन खान नपुग्दो छैन ।' डा.बिजयका बुवा हिर्दे नारायण भन्छन्, 'दाइजो प्रथाले हाम्रो समाजलाई कहिल्यै हित गर्दैन । त्यसैले पूरै समाज यसको विरुद्ध लाग्नै पर्छ ।'

मधेसमा विकृतिको रुपमा फैलिएका दाईजो प्रथालाई निरुत्साहित गर्न दाईजो नलिई बिहे गरेको कानु पत्रकार संघ बाराका अध्यक्ष पत्रकार अजय साहले बताए । यो आदर्श विवाहबाट आफूहरुले समाजलाई दाइजो प्रथा विरुद्ध एक जुट हुन शिक्षा दिन खोजेको बताउँछन् । छोरीलाई दाइजो हैन उचित शिक्षा, दिक्षा दिनुपर्छ भन्दै उनले दाईजो प्रथाले कसैको हित नहुने बताए ।

डा. बिजयले बिना दाइजो आदर्श बिवाह गरेपछि उदाहरणीय तथा सराहनीय कार्य गरेको भन्दै चौतर्फी प्रशंसा भईरहेको छ । बिवाह समारोहमै बालविवाह एबम् दाइजो उन्मूलन अभियानको तर्फ बाट सम्मान भएपछी थप प्रशंसा चुलिएको हो । 'दाईजो प्रथा एक कुप्रथा हो, कसैले स्वच्छाले दिने गर्दछ त कतिले कर कापले नै, कारण कतिपय महिलाले दाइजोकै कारण मृत्यु समेत भोग्नु परेको छ ।' प्रमाण पत्र हस्तान्तरण गर्दै दाइजो उन्मूलन अभियानका बागमती प्रदेश संयोजक तपेश्वर यादवले मधेशमा बिकृतीको रुपमा रहेको दाईजो कुप्रथा चिर्दै आदर्श बिवाह रोजेपछि आफु खुसीले गदगद भएको उनले सुनाए । उनले दाईजो लिने र दिनेलाई आवश्यक कानुनी कार्वाहीगर्न जरुरी भएको बताए । आफुले समाजमा परिवर्तनको निम्ती बिना दाइजोको बिहे गरेको डा. विजयले बताए । आफ्नो बिहे अरुको पनि प्रेरणाको स्रोत बनोस भन्ने आफ्नो चाहाना रहेको उनले सुनाए ।


दाईजो नल्याउनेलाई विभिन्न प्रकारको यातनादिने समुदायमा बिना दाईजो बिहे गर्ने र समाजको कुरुती अन्त्य गर्न सबै निकाय लाग्नु पर्ने बिहेमा सहभागी पत्रकार प्रणय साहले बताए ।

# जनमत पार्टीले राजपुर नपामा बुझायो ज्ञापनपत्र

आरके श्रीवास्तव
गरूडा,११ फागुन । रौतहटको राजपुर नगरपालिकामा जनमत पार्टीका नेता कार्यकर्ताहरूले विहिवार ज्ञापनपत्र बुझाएका छन् । सो नगरपालिकाका नि.प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुरलाई उनकै कार्यकक्षमा सो ज्ञापनपत्र बुझाएका हुन् ।

जनमत पार्टी राजपुर नगर अध्यक्ष फेराज अहमदको नेतृत्वमा गएका नेता कार्यकर्ताहरूले किसानहरूको सिंचाइ समस्या समाधान गर्न ध्यानाकर्षण गराएको हो । ज्ञापनपत्रमा लेखिएको छ । मधेस प्रदेशका किसानहरूको सिंचाइ समस्या समाधानको लागि मधेस प्रदेश कृषि,पशुपंक्षी,भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको पहलमा नेपाल विधुत प्राधिकरण प्रादेशिक कार्यालयले मधेस प्रदेशको सबै पालिकाहरूमा विधुतीकरण गर्ने नीति लिएको छ । तर किसानहरूले प्रत्यक्ष लाभ लिन सक्ने महत्त्वपूर्ण काम प्रति राजपुर नगरपालिकाको ध्यान न दिएको कारण ध्यानाकर्षण तथा यथासिघ्र सम्बन्धित निकायमा पहल कदमीको लागि ज्ञापनपत्र बुझाइएको हो ।

यो कार्यक्रम छिट्टै लागू नभए बाध्य भएर आन्दोलन गर्ने चेतावनीसमेत पत्र मार्फत दिइएको छ । सो अवसरमा जनमत पार्टीका नगर अध्यक्ष अहम्द सँगै नेता कार्यकर्ताहरू राहुल हक,वडा अध्यक्ष प्रत्यासी नुरूल होदा,मोहम्द अफान,मोहम्द लगायतकाव्यक्तिहरूकोउपस्थिति रहेको थियो । यस विषयमा राजपुर नगरपालिकाका नि.प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुर सँग बुझ्दा ज्ञापनपत्र लाई सम्बन्धित निकाय जिल्ला प्रशासन कार्यालय,कृषि मन्त्रालय सहितका निकायहरूमा पठाइसकेको जानकारी गराए ।



# आफ्नो सान्दर्भिकता गुमाउँदै सार्क



– श्रीमन नारायण

*सार्क स्थापनाको ३७ वर्षमा पहिलोपटक यस्ता अन्योलको अवस्था सृजना भएको छ। भारत र पाकिस्तानबीचको तिक्ततापूर्ण सम्बन्धका कारण अवरुद्ध हुँदै सार्कको बैठक अब नयाँ सदस्य राष्ट्र अफगानिस्तानका कारण समस्यामा फसेको छ। सार्क नै असफल, सुस्त र भ्रमित भएकाले विमस्टेक स्थापना भएको हुनसक्छ*

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) स्थापना भएको साढे तीन दशक वितिसक्दा पनि यो घिस्रिएर हिड्ने अवस्थामा रहेको देखिदैन । दक्षिण एसियाली राष्ट्रहरुको यस संगठनको स्थापना सन् १९८५ को डिसम्बरमा भएको थियो । शुरुमा यसमा भारत, नेपाल, श्रीलंका, पाकिस्तान, बंगलादेश, म्यानमार र भुटान मात्रै थिए। डेढ दशक अघि यसमा अफगानिस्तानलाई पनि समावेश गराईको हो। यसको सचिवालय नेपालमै रहेको छ। क्षेत्रीय एकता, विकास र सद्भावना बढाउने उद्देश्ले सार्कको स्थापना भएको हो तर आतङ्कवादको बढ्दो क्रियाकलापका कारण यसका दुई प्रमुख राष्ट्रहरु भारत र पाकिस्तानबीच समन्वय कायम हुन न सकिरहेको कारण पनि यो संस्था पतनोन्मुख छ।

भारतमा हुने गरेका अधिकांश आतंककारी घटनाहरुमा पाकिस्तानका चरमपन्थी इस्लामिक संगठनहरुको हात रही आएको तर त्यसलाई रोक्न पाकिस्तानले खासै पहल नगरेकोसम्बन्धी भारतको आरोपका कारण सार्कको क्रियाकलाप र सक्रियता प्रभावित भएको देखिन्छ। आतङ्कवाद र वार्ता सँगसँगै हिड्न सक्दैन भन्ने दक्षिण छिमेकी भारतको दह्रो अडानका कारण भारत र पाकिस्तानबीच सम्बादको पनि अवस्था रहेको देखिदैन जबकि भारतको सक्रिय सहयोग, समर्थन एवम् अग्रणी भूमिका विना यस क्षेत्रीय संस्थाको प्रगति सम्भव छैन।

सार्कका संस्थापक नेताहरुमध्ये भारतका प्रधानमन्त्री राजीव गान्धी, पाकिस्तानका जनरल जियाउलहक, बंगलादेशका जनरल इरशाद, श्रीलङ्काका जे. आर. जयवर्द्धने र नेपालका राजा श्री ५ वीरेन्द्रले पनि अकाल मृत्यु नै वरण गर्नपरेको थियो । तसर्थ पनि धार्मिक कट्टरता अथवा चरमपन्थी संगठनहरुको क्रियाकलापमा रोक लगाइनु र आतंककारी गतिविधि माथि पूर्णतः रोक लगाइनु अपरिहार्य देखिन्छ । भारतको यस अडानलाई तर्कसंगत नै मान्नु पर्दछ कि कुनै पनि क्षेत्रीय मञ्चबाट दुईपक्षीय मुद्दालाई उठाउने काम भएमा यसले आफ्नो सान्दर्भिकतालाई गुमाउने छ। पाकिस्तानले सार्कको मन्चबाट पनि पटक पटक कश्मिरको विषयलाई उठाउदै आएको छ। कुनै पनि क्षेत्रीय मञ्च आफ्नो चार्टरको अधिन रहेर काम गरेमा मात्रै लक्ष्यसम्म पुग्न सकिन्छ अन्यथा यो औचित्यहीन हुन पुग्नेछ।

कृषि, दुर्गम क्षेत्रको उत्थान, शिक्षा र संस्कृतिबारे परस्पर अध्ययन, अनुसन्धान, ऊर्जा व्यापार, अर्थतन्त्र, पर्यटन, वातावरण, विज्ञान प्रविधिमा सहकार्य, जनस्तरमा सम्पर्क, सुरक्षा अवधारणा लगायतका विषयमा सार्क सदस्य धेरै गम्भीर देखिएनन्।

प्रथम विश्वयुद्ध पछि दोस्रो विश्वयुद्ध नहोस भन्ने उद्देश्यले ३० वटा राष्ट्र मिलेर "लिग अफ नेसन" को गठन गरेका थिए तर केही दशक पछि नै यसले आफ्नो सार्थकता गुमाउन पुग्यो र संयुक्त राष्ट्रसंघको गठन भयो । त्यसैगरी अन्तरराष्ट्रिय व्यापारलाई सहजीकरण गर्न गठन भएको "जनरल एग्रिमेन्ट अफ ट्रेड ट्यारिफ एण्ड ट्रेड (ग्याट) को औचित्य समाप्त भई विश्व व्यापार संगठन (डब्लुटिओ) बन्यो । अन्तराष्ट्रिय मुद्राकोष र विश्व बैंक पनि त्यसरी नै आएका हुन । अब सार्कका सदस्य राष्ट्रहरुले पनि यसको भविष्यको बारेमा निर्णय गर्नुपर्ने बेला आएको छ।

सार्कको अध्यक्षको नाताले नेपालले सार्कलाई सक्रिय बनाउन पहल गर्दै आएको छ तर भारत र पाकिस्तानको सम्बन्ध सामान्य नहुन्जेलसम्म यसको बैंठक पनि सम्भव हुनसक्ने छैन । सन् २०१४ मा काठमाडौंमा सम्पन्न भएको सार्कको १४ औं शिखर सम्मेलनले आउँदो) शिखर सम्ममेलन पाकिस्तानको राजधानी इस्लामावादमा गर्ने घोषणा गरेपछि भारत र पाकिस्तानबचिको सम्बन्ध सामान्य नभएका कारण यो हुन सकेको छैन । भारतले पाकिस्तानमाथि सीमापार आतंकवादलाई बढावा दिने काम गरेको भन्दै आतंकवाद र छलफलसँगसँगै अघि बढ्न नसक्ने अडान लिएपछि शिखर सम्मेलन रोकिएको छ। सार्कको काठमाडौं स्थित सचिवालय समेत नेतृत्वहीन हुने अवस्थामा पुगेको छ । सन् २०२० को मार्च १ बाट सार्कको महासचिव पद सम्हालेका श्रीलंकाका इसला विराकोन आफ्नो तीन वर्षे कार्यकाल पूरागरी फागुनको तेस्रो साता स्वदेश फर्कंदै हुनुहुन्छ। तर, २० वर्ष पछि सन् २०२१ मा फेरि सत्तामा फर्केको अफगानिस्तानको तालिवान सरकारलाई दक्षिण एसियाका कुनै पनि मुलुकले मान्यता नदिएका कारण खाली हुने महासचिवको पदपूर्तिमा अन्योल सिर्जना भएको छ । यद्यपि बंगलादेशलाई सार्कको नयाँ महासचिव बन्ने प्रस्ताव गरिने विषय चर्चामा आएको छ। तर यो सार्कको मर्म विपरित हुनेछ । सार्क स्थापनाको ३७ वर्षमा पहिलोपटक यस्ता अन्योलको अवस्था सृजना भएको छ। भारत र पाकिस्तानबीचको तिक्ततापूर्ण सम्बन्धका कारण अवरुद्ध हुँदै सार्कको बैठक अब नयाँ सदस्य राष्ट्र अफगानिस्तानका कारण समस्यामा फसेको छ। सार्क नै असफल, सुस्त र भ्रमित भएकाले विमस्टेक स्थापना भएको हुनसक्छ।

> *" सन् १९९७ को जुन ६ मा विमस्टेक (वे अफ बंगाल इनिसिएटिभ फर मल्टिसेक्टरल टेक्निकल एण्ड इकोनोमिक कोओपेरमन) को स्थापना थाइल्याण्डमा भयो। यसमा पनि भारत, नेपाल, बंगलादेश, श्रीलंका, भुटान, म्यानमार तथा थाइल्याण्ड रहेका छन्। सार्क हुँदाहुँदै यसका सदस्य राष्ट्रहरु भारत, श्रीलंका, नेपाल, भुटान र बंगलादेशले बिमस्टेकमा सहभागिता जनाउनु अथवा विनिर्माणमा लाग्नुको अर्थले सार्कको सान्दर्भिकता सकिएको मान्नुपर्छ।*

क्षेत्रीय व्यापार बढाउने "साफटा" लगायतका मिसन अधुरो हुँदा सार्कले राम्रो मार्गचित्र बनाउनुपर्नेमा मौनधारण गरेर बसेको देखियो। भारतले आफ्नो देशमा पाकिस्तानलाई व्यापारिक सुविधा दिएको भए पनि पाकिस्तानले भने भारतलाई एमएफएनको सुविधा दिएको छैन । पाकिस्तानले भारतीय उत्पादनका मालसामानहरु महँगो दरमा युएइबाट मगाउँछ तर सोझै भारतबाट मगाउँदा उसकै देशमा विरोध हुन्छ । क्षेत्रीय एकता, विकास र सद्भावना तथा व्यापार बढाउने विषयमा सार्क सदस्य धेरै गम्भीर अथवा केन्द्रित भएको देखिएन । सम्भवतः यिनै कारणहरु र अवस्थाका कारण सन् १९९७ को जुन ६ मा विमस्टेक (वे अफ बंगाल इनिसिएटिभ फर मल्टिसेक्टरल टेक्निकल एण्ड इकोनोमिक कोओपेरमन) को स्थापना थाइल्याण्डमा भयो। यसमा पनि भारत, नेपाल, बंगलादेश, श्रीलंका, भुटान, म्यानमार तथा थाइल्याण्ड रहेका छन् । सार्क हुँदाहुँदै यसका सदस्य राष्ट्रहरु भारत, श्रीलंका, नेपाल, भुटान र बंगलादेशले बिमस्टेकमा सहभागिता जनाउनु अथवा विनिर्माणमा लाग्नुको अर्थले सार्कको सान्दर्भिकता सकिएको मान्नुपर्छ । उद्योग-व्यापार, कृषि, विज्ञान प्रविधिमा सहयोग आदानप्रदान गर्न स्थापित बिमस्टेकमा नेपाल सन् २००४ को फेब्रुअरीमा सदस्य भएको हो । सार्क असफल हुनु पछाडिका जे जति कारणहरु छन् त्यो बिमकस्टेक र आसियानमा दोहोरिनु हुँदैन भन्ने दिशामा पनि यस क्षेत्रीय संगठनका सदस्यहरुको ध्यान जानु आवश्यक छ।

सार्कलाई पुनर्जिवन प्राप्त गर्न भारतले नै ठूलो भूमिका निर्वाह गर्नुपर्नेछ। हुन पनि अफगानिस्तान बाहेक सार्कका प्रायः सबैजसो सदस्य राष्ट्रहरुको भौगोलिक सीमाना भारतसित जोडिएको छ। विश्वका सबै देशहरु स्वतन्त्र सार्वभौम र स्वाभिमनी हुनु गर्दछ। सबैको आ-आफ्नो महत्व रहेको हुन्छ। तर क्षेत्रफल, जसंख्या, आर्थिक प्रगति, सूचना प्रविधिको विकास, अन्य देशमा लगानी गर्नसक्ने क्षमता, अनुदान अथवा ऋण दिन सक्ने क्षमता, रोजगार उपलब्ध गराउन सक्ने क्षमता आदिका कारण केही देशहरु विश्वकै नजरमा असामान्य अथवा विशिष्ट प्रकृतिका हुने गर्दछन् यस यथार्थलाई स्वीकार गर्नै पर्दछ।


अमेरिकाका छिमेकी देशहरु, चीनका छिमेकी देशहरु र भारतका छिमेकी देशहरुले उसमाथि जे जस्तो आरोप लगाए पनि उपरोक्त तिनवटै देशहरु अन्तरराष्ट्रिय र क्षेत्रीय मञ्चहरुमा केही विशेष महत्व, स्थान र भूमिका अवश्य पनि राखेको छ।

सार्कको अध्यक्षका नाताले हाम्रो यो स्वाभाविक चाहना हुन सक्दछ कि भारत र पाकिस्तान मिलेर जानुपर्छ तर हामीले भन्दैमा न त पाकिस्तानले भारतबारेको आफ्नो अडानमा परिवर्तन ल्याउन सक्नेछ न त भारतले नै आफ्नो पाकिस्तान नीतिमा परिवर्तन ल्याउने छ।

काठमाडौंमा बसेर प्राज्ञिक बहस, चिन्तन र विश्लेषण गर्न हामी अवश्य पनि स्वतन्त्र र सक्षम छौं तर धरातलीय यथार्थ यही हो कि संयुक्त राष्ट्र संघ, त्यसको सरक्षा परिषद् तथा अमेरिका र पश्चिमेली राष्ट्रहरुबाट पनि संभव हुन नसकिरहेको काम हामीबाट संभव हुने चाहना गर्नु गाह्रो छ।

सार्कको अवस्था दयनीय र चिन्ताजनक छ जे जस्ता कारणले यो संगठन निष्क्रिय तथा सिथिल हुन पुगेको छ त्यसको अन्त्य गरी यसलाई उर्जावान बनाउन सबैको सकारात्मक सहयोगको खाँचो छ तर दुईपक्षीय विषयलाई विगतका जस्तै महत्व दिइरहने हो भने यस संगठनलाई सक्रिय नबनाएकै राम्रो । सार्कले आफ्नो सान्दर्भिकता गुमाइसकेको मान्नुको विकल्प छैन ।

# मिडिया : दृश्य र अदृश्य कुराहरु



– नरेन्द्रजङ्ग पिटर

*(यस लेखका लागि बर्दिया पाताभार-न्यौलापुरकी किशोरी सुस्मा सोनाहाप्रति आभारी हुनुपर्छ । मैले भेट्दा उनी ११ कक्षामा पढथिन् । पढेर के बन्ने इच्छा छ ? भनेर सोध्दा उनले भनिन -पत्रकार ।*

**किन ?**

हामी सोनाहाको कथाव्यथा र अवस्था लेखिदिने कोही भएन । छुवाछूतले गाँजेको समाजमा हामीलाई सुनार बुझियो । आत्मसम्मान पाउन हाम्रा धेरै आफन्त खिस्तान पनि बने । हामी बनेका छैनौं । सोनाहा बालुवा चालेर सुन निकाल्ने नदी र वनलाई आफ्नो संरक्षक मान्ने जनजाति हो भन्ने चिनाउन पनि पत्रकार बन्न खोजेकी ।

अभिजातहरुको कब्जामा रहेको मिडियाले भुइँमान्छेका कथाव्यथा समाचार बनाउँदैनन् । सोनाहाहरुले मूलधारका मिडियामा ठाउँ पाउँदैनन् । सन्ध्याहरु विज्ञापन दिन सक्दैनन्, विज्ञापित सामान किन्न सक्दैनन् । भुइँमान्छेलाई न मिडियाले वास्ता गर्छ, न उनीहरुले खबरीलाल मिडियालाई । आखिर शक्तिशाली मिडियाका समाचारमा राज कसले गर्छ ? अहिलेको युगमा समाचार र विचारभित्रको खेल के र कस्तो हुन्छ ? किशोरी सुस्माले यही नाङ्गा कुरा थाहा पाइन् भने पत्रकार बन्ने चाहना अझै राख्थिन् ! वा राख्दैनथिन् ! यस लेखमा भने नेपाली राजनीति र मिडियाबारे उदाहरण नदिई मिडियाका कुरा र अन्यत्रका प्रतिनिधि घटनाबाट विषयमा केन्द्रित गरिएको छ ।)

राम्रो काम पनि औचित्य प्रमाणित गर्न जनमत तयार गर्नुपर्छ । मिडिया त्यसको धारिलो हतियार हो । स्वामित्वको लालपुर्जा अरूसँग भए पनि हतियारको मालिक भने चलाउने हुन्छ । भावना र आवेगले मिडियामार्फत मात्र सत्यको खोजी गर्न सकिँदैन । हितअनुसार सत्य बन्छन्, बनाइन्छन्, सिर्जित हुन्छन् । जनमानस तयार मिडियाबाट गराइन्छ । मिडियाशास्त्री मार्शल म्याकलुहन भन्छन्, "मान्छेको फैलावट हरदम भइरहन्छन् । मिडियाले मान्छेलाई नित्य नयाँ बनाइरहेको हुन्छ । भूमिकामा उत्रिरहेको हुन्छ । विश्वास टुट्दै नयाँ विश्वास पैदा भइरहेको हुन्छ । प्रविधि र पहुँचसँगै मिडियाका रूप, चरित्र र भूमिका पनि फेरिँदै जान्छन् । मिडियाले सिर्जना मात्रै हैन ध्वस्त पनि गराइरहेको हुन्छ ।

मानिस जिज्ञासु प्राणी भएकाले नित्य नयाँ बन्न र जीवन सङ्घर्षका लागि हितअनुसारको सूचनाबाट अद्यावधिक हुन चाहिरहन्छ । तर मिडिया बजारमा भइरहने सूचना, कुसूचना, भ्रमित सूचना र प्रायोजित सूचना बीचका भिडन्त नबुझ्दा भने उ, रणभुल्लमा पर्न पनि सक्छ । यसका लागि मिडिया साक्षरता र आलोचनात्मक चेत आवश्यक पर्छ । विज्ञापन शक्तिले सूचना र विचारमा रजाइँ गरिरहेका हुन्छन् । मिडिया त माध्यम मात्र हो । मिडिया अणु पनि हो, परमाणु पनि । कर्पोरेट मिडियामा मात्र भर परे सत्य ग्रहण गर्न सकिँदैन । विश्वासमा नभई सत्य खोज्न तथ्य आधारित तर्कसहितका चेत र समाज आवश्यक हुन्छ । कर्पोरेट शक्ति र राजनीतिको अन्तरघुलनले कलामय खेलमा सहज जनमत भुलभुलैयामा पारेर धारणा बनाउन खुसुक्क मस्तिष्कमा प्रवेश गराइन्छ । भावनामा बगेर आवेग सिर्जना गर्ने काम कर्पोरेटीकरण बन्दै गएको राजनीतिले मिडियामार्फत गर्छ । युद्धमा बारुदसहितको हतियार आवश्यक परे झैं राजनीति र शक्तिलाई भऱ्याङ्ग उक्लन मडिया अनिवार्य हुन्छ ।

**मनोयुद्धको रणमैदान**

पूर्वाग्रह मानव स्वभाव हो, आफ्नै खाले सौन्दर्य र कथ्य रच्न चाहन्छ । तर तथ्य आधारित तर्कले त्यसलाई अनुमति दिँदैन । तब इतिहास र मिडिया व्यवस्थापन गर्न थालिन्छ । हतियारभन्दा विध्वंशक मिडियामार्फत मनोयुद्ध शक्तिले चलाउने गर्छ । तब कर्पोरेट मिडिया वैशाखी बन्न पुग्छन् । इराक आक्रमणमा परमाणु हतियारको आधार तयार गर्ने न्युयोर्क टायम्सकी जुडिथ मिलरलाई उदाहरणका रुपमा लिन सकिन्छ । समग्र पश्चिमा मिडियाले आत्मानिरीक्षण गर्दा पनि मिलरले आत्मालोचना गरिनन् । पश्चिमा मिडियाको स्रोतव्यक्ति बनेका प्रवासी इराकी अहमद चलावी कालान्तरमा सद्दाम सत्तापछि इराकी शासक बने । महाभ्रष्टाचारी भएर गलहत्याइए ।

पिटर बाओफू भन्छन्, "पूँजी र प्रविधिको घालमेलको नयाँ कथ्य तयार भइरहेका हुन्छन् । अतिवास्तविकता, लाक्षणिकता र उत्तर आधुनिकता वास्तविकताको अनुकरणबाट वास्तविकतालाई अलग गर्नका लागि चेतनाको अक्षमता हुन्छ । यस्तै अर्का विद्वान डिएम बोजे भन्छन्, "विशेष गरेर प्रविधिले उन्नत उत्तरआधुनिक समाजमा अति वास्तविकतालाई एउटा यस्तो अवस्थामा देखिन्छ कि जसमा वास्तविकता के हो र काल्पनिकता के हो ? एकैसाथ घालमेल गरेर हेरिन्छ ताकि एउटा समाप्त होस् । यो भर्चुअल वास्तविकतासँगै भौतिक वास्तविकता, कृतिम बुद्धिमत्ता र मानव बुद्धिलाई घालमेलको अनुमति दिन्छ ।

हरेक व्यवसायका आफ्ना सिद्धान्त त हुने नै भए । तर, राजनीतिमा सिद्धान्तहीन नै सिद्धान्त बनेजस्तै मिडिया व्यवसाय पनि सनसनीपूर्ण र लोकप्रिय आवरणमा सक्रिय भएर मथिङ्गल खजमज्याउने खेलमा हुन्छ । विज्ञापनको दबाबमा रहेको त देखाउँदैन तर लोक नजरबाट लुकाउन भने सक्दैन । अझ सम्पादकीय कक्षमा व्यवस्थापकीय हस्तक्षेप कति भयो ? देखिने र हुने सम्पादक को ? शक्तिबीच स्वार्थका टकराहट र रक्षा कसरी हुन्छ भन्ने प्रश्न मिडियाचेतसँगै उभिन्छन् ।

राजनीतिक परिवर्तनका लागि सशस्त्र सङ्घर्षको आवश्यकता भएर 'पावर कम्स व्यारल अफ गन' (सत्ता बन्दुकको नालबाट जन्मन्छ) भनिन्थ्यो तर मनोयुद्ध छेडिएपछि छम्दयुद्धले रक्तहीन भिडन्त गरिरहेको हुन्छ । शक्तिबीच भयङ्कर द्वन्द्व चलिरहँदा युद्धभूमिमा न योद्धा देखन्छिन्, न बारुदको गन्ध देखिन्छ, न बमगोलाको आवाजै सुनिन्छ, न गन्हाएका लासका थुप्रा नै । हो, त्यो मिडयामार्फत भर्चुअल यथार्थ तयार गरिने युद्धलाई मनोयुद्ध भनिएको हो । व्यक्तित्व निर्माण र ध्वस्त, इतिहासका उपलब्धिमाथि आक्रमण गर्न नयाँ न्यारेटिभको सिर्जना, अंशमा टेकेर समग्रमा आक्रमण गर्न, गम्भीर विषयलाई विषयान्तर गर्ने आवेग, भ्रम, मिथ्या सूचनाको घालमेल गर्दै कृतिम तर्कको सिर्जना गरिन्छन् ।

हरेक वस्तुका मूल्य तिर्नुपर्छ । अझ विचार, आन्दोलन, साधना र सपनाका मूल्य त ज्यादा हुँदोरहेछ । गरिब देशको एउटा प्राज्ञिक अभियन्ता त पेटका कारण सस्तैमा डोरिने नियतिमा सधैँ रहन्छ । त्यसैले ऊ इतिहासको साक्षी बन्दै पनि भ्रष्ट तर्कको आविष्कारक बनेर वर्गसिफ्ट गरेर मनोयुद्धको भाडाको तर्क सिपाही बन्न पुग्छ ।

**शक्तिले सधैँ सबैलाई नियन्त्रण गर्न सक्दैन**

शक्तिले जनमानस तयार गर्न हित अनुकूलको औजारमा मिडियालाई लिन्छ । कर्पोरेट मिडियाको ठूलो हिस्सा प्रभावमा पनि पर्छन् । तर सबैलाई प्रलोभन, नियन्त्रण र निर्देशन गर्न भने सक्दैन ।

शक्ति र बजारबीच वर्चस्व भिडन्त भएर अन्तरविरोध देखा परिरहन्छन् । अझ प्रविधिको विकासले सूचना पोखिने, विचार निर्माण गर्ने, निर्भिक बुद्धिजीवीहरूलाई सामाजिक सञ्जाल, अनलाइन पोर्टल, ब्लगले सेन्सरहीन माध्यम पैदा भयो । राजनीतिक सीमारहित वैश्विक समाजमा भिसारहित सहजता उपलब्ध भयो । भाषा अवरोधक बनेनन् । अनुवाद र सर्च टुल्सले ज्ञान र सूचनामाथिको वर्चस्व तोड्यो ।

सन् १९७२ जुन १७ को मध्यरातमा अमेरिकामा डेमोक्रेटिक नेसनल कमिटी (डिएनसी)को मुख्यालयमा पक्राउ परेका पाँच सामान्य चोर थिएनन् । तिनीहरु रिपब्लिकन पार्टीले रिचर्ड निक्सनलाई प्रतिस्पर्धी डियनसीको चुनावी योजनाका कागजात हात पार्ने खेल थियो । त्यसलाई वाशिङ्टन पोस्टका बब वुडवार्ड र कार्ल बनस्टिनको खोजी पत्रकारिताले उदाङ्ग पारेर शक्तिशाली राष्ट्रपति निक्सनलाई राजीनामा गर्न बाध्य बनायो । सम्पादक वेन ब्राड्लीले चुनौती मोले ।

संसारको राजनीति र कर्पोरेट घरानामा तहल्का मच्चाउने पानामा पेपर प्रकाशन गर्ने विश्वका ७६ देशका झन्डै एक सय सात मिडिया संस्था सम्बद्ध पत्रकारहरूको सहकार्यमा एक करोड १५ लाखभन्दा बढी कागजात अध्ययन गरेर सेता कपडामा रहेका काला कर्तुत छर्लङ्ग पारे । ट्याक्स हेभेनका व्यवसायमा लगानी गरेको देखाएर बाहिर पुऱ्याउने र देशको कर छल्ने प्रक्रियामा मोसाका फोन्सेकाजस्ता संस्थाले सघाउने रहेछन् ।

पेगासेस इजरायलको एनएसए कम्पनीको एउटा जासुसी एप्स सफ्टवेयर हो । यदि यो एपलाई कुनै पनि स्मार्टफोनमा ह्याकरले घुसाइदियो भने फोनको माइक्रोफोन, क्यामेरा, अडियो, टेक्स्ट मेसेज, इमेल र लोकेसनसम्म जानकारी हासिल गर्दै उक्त डिभाइसको सबै डाटा अर्को पक्षकोमा पुग्छ । फोन बन्द गरे पनि माइक्रोफोन र क्यामेरा चलिरहन्छन् । विशेषज्ञहरू भन्छन्, "सहज तरिकाले ह्वाट्स एप वा मिस कलमार्फत तीव्र तरिकाले लक्षित फोनमा एप्स इन्स्टल हुन्छ र डिलिट गर्दा पनि हटाउन सकिँदैन ।

खतरनाक हतियारमा सामेल एप्सले आफ्ना विरोधी तह लगाउनु, जासुसी गर्न प्रयोग गरेको कुरा यनएसओका केही प्रमुख ग्राहकमा साउदी अरब, युनाइटेड अरब इमिरेट्स र मेक्सिको थिए । अब नयाँ ग्राहक थपिए । ती देशहरूको प्रजातान्त्रिक सूचकाङ्क पनि यहाँ उल्लेख गरौँ । रुवान्डा (१३०), मोरक्को (९६), साउदी अरेबिया (१५६), बहराइन (१५०), युनाइटेड अरब इमिरेट (१४५), अजरबैजान (१४६), काजिकिस्तान (१४६), हङ्गेरी (५३), पानामा र मेक्सिको (७२) र भारत (५३) स्थानमा छन् । एनएसओले आफ्ना ग्राहक सरकार मात्रै हुन्छन् भन्छ तर भारतले भने किनेको स्वीकार/अस्वीकार दुवै गरेको छैन ।

अपराधको घैँटो कुनै न कुनै दिन त फुट्छ नै । १८ जुलाई २०२० देखि फ्रान्सको फारविडेन स्टोरिज् र एमनेस्टी इन्टरनेसनलले सुरु गरेको पेगासेस प्रोजेक्टमा 'वाशिङ्गटन पोस्ट', 'द गार्जियन', 'ल मोंद', 'सुडडोइच जाइटुङ्ग'लगायत भारतीय मिडिया 'द वायर'सहित विश्वका १५ प्रतिष्ठित मिडियाका एक सय ३० भन्दा धेरै पत्रकार संलग्न भएर सत्ताले पेगासेस उपयोग कहाँ र कस्तो तरिकाले गर्दैछ भन्ने अनुसन्धान गरिरहेका छन् ।

संसारकै चुनावी परिणामलाई हेरफेर गर्ने इजरायली ठेकेदार ताल हनानको खेल १५ फेब्रुअरीमा ब्रिटिस अखबार गार्डियन, इजरायली अखबार हारेत्ज, फेन्च अखबार ला मोन्द, जर्मन मैगजिन डेर स्पिगल अमेरिकी अखबार वाशिङ्नगटन पोस्टसमेत ३० मिडिया संस्थाहरूले ताल हनानको रहस्यले चुनाव शक्ति र प्रजातान्त्रिक अभ्यासको पोल खोलिदिए । ३३ देशको जार्जको नाममा केन्द्रीय चुनावको ठेक्का लिएको ताल हनानले दाबी गरेको छ । २७ चुनावको रिजल्ट उसको क्लाइन्टको पक्षमा पारेको थियो ।भारतीय 'फेकन्युज'विरुद्धको लेखका कारण मारिएकी गौरी लङ्केशको प्रेरणाले सक्रिय फारबिडन स्टोरिज नामको संस्थाले उनको काम अगाडि बढाउने निर्णय गरेर फेक न्युजकी फैक्ट्रीलाई

- बाँकी पृष्ठ ६ मा



चितवनको भरतपुर महानगरपालिका-१५ श्रीपुरका किसानले उत्पादन गरेको गाजर बजार पठाउनका लागि प्याकिङ गर्दै कृषक । यो क्षेत्र गाजर उत्पादनका लागि पकेट क्षेत्र मानिन्छ।
*तस्विर : कृष्ण आचार्य/रासस*

# आयातित अन्नकै भर



गलेश्वर, ११ फागुन
म्याग्दीको बगरफाँट, सिङ्गा र बाबियाचौरमा डेढ दशकअघिसम्म धान, गहुँ, मकै र समयअनुसारको अन्नबाली लहलह झुलेको देखिन्थ्यो । अन्नबालीले फाँट हरिया देखिन्थे । यहाँको उत्पादनले स्थानीयलाई १२ महिनासम्म खान पुग्थ्यो । पूर्वाधारको विकाससँगै सडक बनेर गाडी कुद्न थालेपछि हरिया फाँट कङ्क्रिटका घरले भरिन थालेका छन् । बेनी नगरपालिका-२ बगरफाँटको उर्वर फाँटमा पक्की घर निर्माण गर्न थालेपछि खेतीयोग्य जमिन नासिँदै गएको छ। बेनी-४ सिङ्गा, रत्नेचौर, मङ्गला गाउँपालिकाको बाबियाचौरलगायत स्थानमा सडकको पहुँच पुगेसँगै कृषि उत्पादन घटेको छ । यहाँका स्थानीय आयातित अन्नको भर पर्न थालेका छन् ।
अन्न भण्डारसँगै प्राङ्गारिक खेतीका लागि प्रख्यात गाउँ अहिले कङ्क्रिटको सहरमा परिणत हुन थालेपछि यहाँका किसान चिन्तित बनेका छन् । सदरमुकामसँग जोडिएको गाउँ भएकाले पनि यस क्षेत्रमा पूर्वाधार निर्माणले तीव्रता लिएको छ।
खेतीयोग्य जमिनमा पक्की भवन निर्माण हुन थालेपछि उत्पादनमा ह्रास आउन थालेको हो। खेतीयोग्य जमिन निकै कम छन्, भएका जमिनमा पनि घर ठडिन थालेपछि उत्पादनमा कमी आएको छ। आयतित खाद्यान्नमा निर्भर हुनुपर्ने अवस्था छ, स्थानीय वेदप्रसाद शर्माले भन्नुभयो।
कृषिजन्य वस्तुको उत्पादनमा भन्दा जग्गा बेचेर बढी आम्दानी हुन थालेपछि किसानले जग्गा बेच्न थालेका स्थानीय बताउँछन् । खेतीयोग्य जमिन घडेरी बनाउनका लागि बेच्न थालेपछि स्थानीय उत्पादनमा जिल्ला अघि बढ्न नसकेको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ।
केन्द्रका अनुसार खेतीयोग्य जमिनको धेरै भागमा घर, उद्योग र कलकारखाना बनेका छन्। सडक सञ्जाल विस्तार हुँदा कृषियोग्य जमिन मासिँदै जान थालेको छ। सदरमुकाम बेनी बजारसँगै जोडिएको बगरफाँटमा बजारको तुलनामा घडेरी सस्तोमा पाइने भएकाले घडेरी किनेर घर बनाउने आकर्षण बढेको स्थानीय बताउँछन् । हाँडेभिर-बगरफाँट-सुर्केमेला-बरङ्जा सडक निर्माण भएपछि बगरफाँटमा बस्ती विस्तारका साथै जग्गाको किनबेच बढेको स्थानीयवासी भवेन्द्रविक्रम शाहले बताउनुभयो । उहाँका अनुसार रू एक लाख ५० हजार सम्ममा घडेरी पाइन्छ। आधुनिक कृषि प्रर्णाली विकास हुन सकेको छैन । रैथाने परम्परागत कृषि पेशालाई अपनाउन अहिलेको परिवेशमा सुहाउँदैन, खेतीयोग्य जमिन बेच्नुबाहेक विकल्प छैन, स्थानीय किसान टेकबहादुर कार्की भन्नुहुन्छ । यहाँको भूबनोटअन्तर्गत आठ प्रतिशत बेँसी, ५६ प्रतिशत उच्च पहाडी र ३६ प्रतिशत हिमाली क्षेत्र पर्दछ । समुद्र सतहदेखि ७९२ मिटरदेखि आठ हजार १६७ मिटरसम्म फैलिएको छ । १५ वर्षयताको तथ्याङ्क हेर्दा यस क्षेत्रमा आधाभन्दा बढी खेतलाई घडेरी बनाइएको छ । हाल खेतीभन्दा आयातित खाद्यान्नका भरमा यहाँको जनजीवन चलेको छ। खेतीयोग्य जमिन बेचेर काठमाडौँ, पोखरा, चितवनलगायत सहर जानेको संख्या दिनप्रतिदिन बढिरहेको स्थानीय बताउँछन् ।रासस

# अर्थतन्त्र समस्यामा पर्दा औद्योगिक क्षेत्र तहसनहस : मुख्यमन्त्री कार्की

धरान, ११ फागुन
प्रदेश नं १ का मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मुलुकको अर्थतन्त्र समस्यामा पर्दा औद्योगिक क्षेत्र तहसनहस भएको बताउनुभएको छ।
आज धरानमा सुरु भएको धरान एक्स्पोको उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले औद्योगिक क्षेत्र सुधारका लागि सरकारले नयाँ योजना ल्याएर निजी क्षेत्रसँग हातेमालो गर्नुपर्ने बताउनुभयो।
पछिल्लो समय व्यवसायीहरूले विरोध गर्दै आएको बैंकको चर्को ब्याजदर नीतिप्रति सङ्घीय सरकार संवेदनशील हुनुपर्ने उहाँको भनाइ थियो। उहाँले यस विषयमा सङ्घीय सरकारले चाँडो आफ्नो धारणासमेत सार्वजनिक गर्न माग गर्नुभयो। मुख्यमन्त्री कार्कीले १० प्रतिशतभन्दा बढी ब्याजदर नहुने गरी बैंकको ब्याजदर कम गर्न राष्ट्र बैंकलाई सुझावसमेत दिनुभयो।
दश प्रतिशतभन्दा माथि नहुने गरी ब्याजदर घटाउनु पर्छ। प्रदेश सरकार त्यसका लागि छलफल र बहस गर्न तयार छ, मुख्यमन्त्री कार्कीले भन्नुभयो,निजी क्षेत्रलाई धेरै बलियोरूपमा स्थापित बनाउनु जरुरी छ। निजी क्षेत्रलाई बलियो बनाउन सकेमात्र देशको विकास गर्न सकिन्छ।
उनीहरूको हात समाएर अगाडि बढ्नुपर्छ । उहाँले मुलुकको निर्यात घटेको र आयात झन्-झन् बढ्दै गएको बताउँदै सरकार यस विषयमा गम्भीर हुनुपर्ने बताउनुभयो।
कार्यक्रममा उद्योग वाणिज्य महासङ्घका केन्द्रीय उपाध्यक्ष राजेन्द्र सङ्ग्ईले बैंकको चर्को ब्याजदरका कारण उद्योगी-व्यावसायीलाई परेको समस्याको निकास छिट्टै निस्किने विश्वास व्यक्त गर्नुभयो।
खुला बजारको नीतिअनुसार नै ब्याजदर तलमाथि भएको उल्लेख गर्दै उहाँले निकासको उपाय खोजेर सहजीकरणको बाटोमा अघि बढ्नुपर्ने बताउनुभएको हो । व्यापारघाटा कम गर्नका लागि निर्यात बढाउनुको विकल्प नभएको उल्लेख गर्दै सङ्ग्ईले सरकारले यसका लागि नीतिगत सहजता बनाएर लगानीको वातावरण तयार गर्नुपर्ने बताउनुभयो।
व्यवसायी प्रवर्द्धनका लागि सुनसरी उद्योग वाणिज्य सङ्घले औद्योगिक प्रदर्शनी गरेर राम्रो काम गरेको बताउनुभयो । यसले यहाँको व्यापार व्यवासाय प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो।
आजदेखि सुरु भएको धरान एक्स्पो फागुन २० गतेसम्म चल्ने आयोजकले जनाएको छ । एक्स्पोमा धरान आसपास टाढाबाट आउने सर्वसाधारणका लागि निःशुल्क



बसको व्यवस्था गरिएको छ । वराह क्षेत्र नगरपालिकाको चतराबाट समेत एक्स्पोमा आउन निःशुल्क बसको व्यवस्था गरिएको हो । धरानमा चार ठाउँबाट एक्स्पोस्थल धरान रङ्गशालासम्म निःशुल्क बस चलाइएको छ।
एक्स्पोमा स्वास्थ्य परीक्षण शिविर पनि दैनिकरूपमा राखिएको छ । एक्स्पोमा पाकिस्तान,बङ्गलादेश र भारतका उत्पादनका स्टल ह्याङ्गर प्रविधिमा बनाइएको डोममा रहेका छन् । विदेशी सामग्रीका कुल १५ वटा स्टल एक्सपोमा रहेका छन् । पाकिस्तान जनावरको छालाबाट बनेको सामान उत्पादन गर्ने मुलुकका रूपमा विश्व प्रसिद्ध छ। नेपालबाट समेत छाला पाकिस्तान निर्यात हुन्छ। एक्स्पोमा महिला-पुरुष दुवैका लागि पाकिस्तानी लेदरको ज्याकेट, बेल्ट, क्याप आकर्षणको केन्द्र बन्ने आयोजक कमिटीका संयोजक गोपाल श्रेष्ठले जानकारी दिनुभयो।
बङ्गलादेशको तयारी पोशाकका उत्पादन महिलाका कुर्ता, सलवार, साडी, बालबालिकाका पोशाक आकर्षणको स्टल राखिएको छ। बङ्गलादेशको तयारी पोशाक युरोप, अमेरिकी मुलुकमा निर्यात हुँदै आएको छ। भारतीय उत्पादन तयारी पोशाकका साथै दैनिक भान्सा तथा घरायसी कामधन्दामा आवश्यक उपकरण राखिएको छ । भारतीय साडी, कुर्ता सलवार किन्न जोगबनी पुग्नेहरूका लागि एक्स्पोले रङ्गशालामै बजार लगाएको हुनेछ ।
विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न थालेको अल्लोका कपडा सर्ुवासभाबाट ल्याई एक्स्पोमा राखिएको छ। एक्स्पोले जुम्लाको भिर मौरीको मह, माछाको अचारदेखि अर्ग्यानिक र ब्राण्डेड वस्तु किनमेल गर्ने अवसर जुटाइएको छ।
यस्तै पूर्वका कृषि अभियानकर्मी कृष्ण राईले कृषि प्रविधिको जानकारीसहित कृषि स्टल राख्नुभएको छ। विभिन्न प्रविधि प्रयोग गरेर उहाँले आफ्नो करेसाबारीको प्रविधिको प्रदर्शनी मेलामा गर्नुभएको छ ।रासस

# नेप्से परिसूचकमा पहिरो



काठमाडौँ, ११ फागुन
लघुवित्त संस्थाहरुको शेयर मूल्यमा उच्च अङ्कको गिरावट देखिएपछि नेप्से परिसूचकमा पहिरो गएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५७ दशमलव ७४ अङ्कले ओरालो लागेर दुई हजार २२ दशमलव ६४ मा सीमित भएको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक ११ दशमलव ९५ अङ्कले ओरालो लागेर तीन सय ८४ दशमलव ४० मा सीमित भएको छ । कारोबार भएका कूल १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कारोबार भएकामध्ये विहिवार १४ कम्पनीको मात्रै शेयर मूल्यमा वृद्धि भएको छ।
यस्तै दुई सय तीन कम्पनीको शेयर मूल्यमा गिरावट हुँदा एक कम्पनीको शेयर मूल्यमा कुनै परिवर्तन भएको छैन।
कूल ६३ लाख २६ हजार एक सय पाँच कित्ता शेयर रु दुई अर्ब ५२ करोड २७ लाख १३ हजार एक सय ५३ मूल्यमा खरिद बिक्री भए । कारोबारका आधारमा छिमेक लघुवित्त शीर्ष स्थानमा छ । सो कम्पनीको रु आठ करोड ७० लाख ७३ हजार बराबरको कारोबार भयो।
यस्तै, एनआइसी एशिया बैंक रु सात करोड ९६ लाख ४१ हजार पाँच सय ३२, हिमालयन डिस्टिलरी रु सात करोड २१ लाख ८९ हजार तीन सय ८५, साना किसान विकास बैंक रु छ करोड ६ लाख ८७ हजार आठ सय ८४ र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको रु छ करोड २८ हजार आठ सय ६८ बराबरको कारोबार भई शीर्ष पाँच स्थानमा रहेका छन् । नेप्सेका अनुसार कारोबार भएकामध्ये विहिवार कूल ४० कम्पनीको शेयर मूल्यमा १० प्रतिशतको गिरावट भएको छ। यस्तै, नेपाल हाइड्रो चार दशमलव ८२, सामलिङ पावर कम्पनी चार दशमलव ७७, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम दोस्रो तीन दशमलव ४३, प्रभु बैंकको ऋणपत्र एक दशमलव ९९ र सानिमा लार्ज क्यापका लगानीकर्ताले एक दशमलव ९२ प्रतिशतले कमाएका छन् ।रासस

# कामपाले सुरु गऱ्यो कम्पोष्ट मल बनाउन बञ्चरेडाँडामा पनि उत्पादनको तयारी

काठमाडौँ, ११ फागुन
काठमाडौँ महानगरपालिकाले टेकुस्थित ट्रान्सफरस्टेसनमा आजदेखि कम्पोष्ट मल बनाउने काम सुरु गरेको छ। परीक्षणका रूपमा टेकुबाट सुरु गरिएको मल उत्पादन गर्ने प्रक्रिया उपत्यकाको अन्य स्थान र आगामी एक महिनाभित्र अन्तिम फोहर विसर्जन स्थान बञ्चरेडाँडामा पनि उक्त प्रक्रिया सुरु गर्ने तयारी रहेको कामपा वातावरण विभागका प्रमुख रविनमान श्रेष्ठले जानकारी दिनुभयो।
आज टेकुमा १२ टन कुहिने फोहरबाट मल बनाउने काम सुरु गरिएको हो। कम्पोष्ट मल बन्नका लागि एक महिनादेखि बढीमा तीन महिनासम्म समय लाग्ने श्रेष्ठको भनाइ छ।
यसअघि कामपाले काठमाडौँ उपत्यकामा उत्पादन हुने कुहिने फोहरलाई यहीँ नै व्यवस्थापन गर्ने र त्यसबाट मल उद्योग सञ्चालन गर्ने भन्दै स्थान खोजेको थियो । एकै स्थानमा पर्याप्त जमिन उपलब्ध गर्न नसकेपछि कामपाले थोरै ठाउँमा पनि मल बनाउनका लागि प्रक्रिया सुरु गरेको जनाएको छ ।
श्रेष्ठले भन्नुभयो, सबै फोहर एकै स्थानमा जम्मा गर्ने र कामपाको केन्द्रिय कार्यलयले मात्रै यसको व्यवस्थापन गर्छु भन्दा त्यो सफल नहुन सक्छ, सबै वडाले आफ्नो वडामा उत्पादन भएको फोहरको जिम्मा लिएर कम्पोष्ट मल बनाउन थाल्नुपर्छ । यसका लागि आवश्यक सहयोग गर्न विभाग तयार छ।
उहाँका अनुसार कामपाले उपत्यकाको अन्तिम फोहर व्यवस्थापनस्थल बञ्चरेडाँडामा पनि कम्पोष्ट मल बनाउनका लागि तयारी गरिरहेको छ । काठमाडौँ उपत्यकाको १८ स्थानीय तहको फोहर स्रोतमा नै वर्गीकरण गरेर लैजानुपर्नेछ । त्यसका लागि कामपाले फोहर वर्गीकरणको प्रक्रियालाई कडाइका साथ कार्यान्वयन गर्नेछ। आगामी एक महिनाभित्र बञ्चरेडाँडामा पनि फोहरबाट मल बनाउने कामको थालनी हुने भनाइ कामपाको छ। यो सँगै कामपाका ३२ वटै वडा र नागरिकलाई पनि मल उत्पादन गर्नका लागि प्रोत्साहन गर्ने कामपाको तयारी रहेको छ। त्यसका लागि मल उत्पादन गर्ने भाँडो सहुलियत दरमा कामपाले नागरिकलाई वितरण गरिरहेको छ।




कामपाले गत साउन एक गतेदेखि स्रोतमा फोहर वर्गीकरण गरी अन्तिम व्यवस्थापन गर्न भने पनि अहिले केही वडामा मात्रै फोहर वर्गीकरण गरिन्छ भने केही वडाबाट सबै फोहर एकै ठाउँमा राखेर व्यवस्थापन भइरहेको छ । महानगरको कूल ३२ वडामध्ये भित्री नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहर व्यवस्थापन हुँदै आएको छ । वर्गीकरण योजना भने सबै वडामा लागू गरिएको छ तर कार्यान्वयन हुनसकेको छैन।
हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिक टन फोहर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ।
विसं २०६८ मा सरकारले जारी गरेको फोहरमैला व्यवस्थापन ऐन र २०७७ सालमा काठमाडौँ महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि दायित्व पूरा नगर्नेलाई जरिवाना गर्ने कानूनी व्यवस्था रहेको छ। ऐनमा फोहरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ।
कामपाको कुहिने फोहर उपत्यकामा नै व्यवस्थापन गर्ने लक्ष्य तत्कालको भने होइन।
पछिल्लो समय उत्पादन हुने फोहरको मात्रा बढिरहेको र व्यवस्थापनमा समस्या आइरहेको अवस्थामा स्रोतमा नै फोहरको वर्गीकरण गरी मल उत्पादन गर्ने कार्यले ठूलो सहयोग पुग्ने कामपाले विश्वास लिएको छ। फोहरको वर्गीकरणबिनै सबै फोहर एकै स्थानमा व्यवस्थापन गर्नुपर्दा स्थानको अभावका कारण समय समयमा समस्या आउने गर्दा वर्षाको समयमा महिनादिनसम्म काठमाडौँ उपत्यकाको फोहर सडकमा नै थुप्रिने समस्या सामान्य बनिसकेको छ ।रासस

# रात्रिकालीन उडान : पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण

गण्डकी, ११ फागुन
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा रात्रिकालीन उडानको तयारी गरिएसँगै यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन्।
गत पुस १७ गतेदेखि आन्तरिक उडान सुरु गरेको विमानस्थलमा 'इन्स्ट्रूमेन्ट फ्लाइट रुल्स' आइएफआर प्रणाली विहिवारदेखि लागू भएको छ । यसबाट रात्रिकालीन उडानका लागि आवश्यक सबै पूर्वाधार तयार भएको पोखरा अन्तर ाष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले बताउनुभयो । यसअघि विमानस्थल सबैखाले उडानका लागि योग्य रहेको जनाउँदै नेपाल नागरिक उड्डयन प्राधिकरणले 'एरोनोटिकल इन्फरमेसन पब्लिकेसन' ९एआइपी० प्रकाशित गरेको थियो । उक्त एआइपी प्रकाशन भएको ४२ दिनपछि विमानस्थलमा सबै उडान गर्न योग्य भएको मानिन्छ । हालसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा 'भिजुअल फ्लाइट रुल्स' ९भिएफआर० प्रणालीबाट दिनमा मात्र जहाजको उडान अवतण गरिएको थियो । विमानस्थलबाट दिउँसो ४ बजेसम्म मात्र उडान हुँने गरेकामा रात्रिकालीन उडानले सहज बनाउने पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले बताउनुभयो। रात्रिकालीन उडान यहाँको पर्यटनका लागि पनि महत्वपूर्ण बन्ने छ, उहाँले भन्नुभयो, काठमाडौँमा विभिन्न कार्यालयीय एवम् अन्य काममा जाने पनि दिउँसो काम सकेर रातमा पोखरा फर्कने पाउनेछन् । अन्तर्राष्ट्रिय उडानबाट आएका व्यक्ति पनि रात्रिकालीन उडान भएसँगै काठमाडौँ विमानस्थलबाट सिधैँ पोखरा आउन सक्ने उहाँले बताउनुभयो ।रात्रिकालीन उडानले पोखरालाई आन्तरिक रुपमा पनि अन्य प्रदेशसँग जोड्न सहज हुने नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारी बताउनुहुन्छ ँरात्रिकालीन उडानका लागि विभिन्न उडान कम्पनीले पनि आफ्ना कार्यतालिका राख्न थालेका छन उहाँले भन्नुभयो,यसले पोखराको पर्यटनमा विशिष्ट योगदान पुग्ने अपेक्षा गरेका छौँ । रात्रिकालीन उडानका लागि विमान कम्पनीले पनि आफ्नो तयारी सुरु गरेका छन् । पोखरामा हालसम्म दैनिक १० वटा उडान गरिरहेको बुद्ध एयरलायन्सले अरु दुई उडान थप गर्ने तयारी गरेको एयरलायन्सका प्रवक्ता दीपेन्द्र कर्णले जानकारी दिनुभयो । पोखराबाट आगामी मार्च ९ बाट रात्रिकालीन उडान गर्ने हाम्रो तयारी छ, उहाँले भन्नुभयो,हालका लागि राति ८ बजेसम्म उडान सञ्चालन गर्ने योजनामा छौँ ।रासस

# वीरगंज महानगरपालिकाले सहयोग नगरेको उपकुलपति शाक्यको गुनासो

मधेशदृष्टि
वीरगंज, ११ फागुन । वीरगञ्ज महानगरपालिकाले मधेश विश्वविद्यालय सञ्चालनका लागि कुनै सहयोग नगरेको मधेश विश्वविद्यालयका उपकुलपति प्राडा दिपक शाक्यले गुनासो गरेका छन् ।




राष्ट्रिय विभूति सामुदायिक शिक्षा सदन डुमरवानाको २१ औं वार्षिकोत्सव तथा अभभावक दिवसको अवरसमा आयोजित कार्यक्रममा बोल्दै उपकुलपति शाक्यले यस्तो गुनासो गरेका हुन् । उनले भने विश्वविद्यालय सञ्चालनको विषयमा वीरगञ्ज महानगर प्रमुख र उद्योग वाणिज्य संघका पदाधिकारीलाई पटक पटक छलफलमा बोलाउँदा पनि आएन । 'विश्वविद्यालय हामी बनाउन सक्छौ तर, चलाउन सक्दैनौ, चलाउन समाज चाहिन्छ, आज मधेश विश्वविद्यालय आएको ६ महिना भयो हामीले नियमावली बनायौ, सिनेट बसायौ, घर खोज्दैछौ तर दुखको कुरा आजसम्म वडा अध्यक्षदेखि मन्त्रीसम्मले १ रुपैयाँ आर्थिक सहयोग गरेका छैनन्' उपकुलपति शाक्यले भने । उनले थप्दै भने, 'मैले दिनहुँ यहाँका मेयर साव, उद्योग वाणिज्य संघका अध्यक्षसँग आउनुस् छलफल गरौं विश्वविद्यालय कसरी चलाउने भनेर बिन्ती गर्दा उहाँहरुले केही माग्ला भनेर छलफलमा आउनुभएन' उपकुलपति शाक्यले झण्झटिलो कानुनी प्रकियका कारण पनि धेरै समस्या भइरहेको छ । उनले बितेको ६ महिनामा नियमावली बनाउने, विश्वविद्यालय सञ्चालन समिति बनाउने र घर खोज्ने काम मात्रै भएको बताए । वीरगञ्जस्थित नेशनल टेडिङको घर भाडामा लिएर मधेश विश्वविद्यालयको कार्यलय सञ्चालन भएपनि शैक्षिक सत्र कहिलेदेखि शुरु हुने भन्ने टुंगो लागेको छैन । विश्वविद्यालय सञ्चालनका लागि करिब एकसय बिगाहा जग्गा आवश्यक पर्ने भन्दै पर्साका स्थानीय तहहरुमा जग्गा खोजीको काम भइरहेको उपकुलपति शाक्यले जनाएका छन् । उनले निजी विद्यालयहरुले शिक्षकलाई सम्मानजनक सेवा सुविधा दिए मात्रै शैक्षिक स्तरमा सुधार हुने भन्दै सिपयुक्त शिक्षालाई प्रोत्साह दिन आग्रह गरे ।

# आयुर्वेद औषधालय भवनको उद्घाटन

मधेशदृष्टि
महोत्तरी, ११ फागुन । महोत्तरीको मटिहानी नगरपालिका-७ मा नवनिर्मित आयुर्वेद औषधालय भवनको बिहीवार एक समारोहका बीच उद्घाटन गरिएको छ ।



मटिहानी नपाका प्रमुख हरि प्रसाद मण्डलले बुधबार आयोजित एक समारोहबीच भवनको उद्घाटन गरेका हुन् । ६ कोठे आयुर्वेद औषधालय भवन करिब ३० लाखको लागतमा निर्माण भएको नगरपालिकाका ईन्जिनियर विमलेश साहले जानकारी दिए । २०५१ सालमा निर्माण भएको सो आयुर्वेद भवन जीर्ण भइ काम नलाग्ने अवस्थामा पुगेको थियो । सो भवनलाई पुर्ननिर्माण गरिएको ईन्जिनियर साहले बताए । मटिहानी नगरपालिका-७ का वडा अध्यक्ष जितनारायण माझीको सक्रियतामा भएको कार्यक्रममा नगर प्रमुख मण्डलले जनतालाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले जीर्ण भवनलाई जिर्णोद्धार गरी नवनिर्माण गरिएको जानकारी दिए ।भवन निर्माण भएपछि आयुर्वेद स्वास्थ्य क्षेत्रमा टेवा पुग्ने प्रमुख मण्डलले विश्वास समेत व्यक्त गरे । त्यसैगरी , कार्यक्रम मा जनतासंग प्रत्यक्ष रुपमा सम्बन्धित स्वास्थ्य क्षेत्रको विकासको लागि मटिहानी नगरपालिकाले गर्दै आएकोमा धन्यवाद ज्ञापन गरे । स्वास्थ्य क्षेत्रमा रहेका केही समस्याहरु पनि विस्तारै समाधान हुँदै जानेमा वक्ताहरुले विश्वास व्यक्त गरे । कार्यक्रममा वडा अध्यक्षहरु अब्दुल गफार राईन, कलिम अन्सारी, रितेश साह, कार्यपालिका सदस्य अरुण नाहर, गा.वि.स. पूर्व अध्यक्ष राम कुमार मण्डल, लोसपा नेपालका नगर अध्यक्ष श्याम कुमार मण्डल, नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाजको जिल्ला अध्यक्ष नरेश महतोलगायतका वक्तहरुले आ आफ्ना मन्तव्य राखेका थिए ।

# लालबन्दीबाट एक अर्बको तरकारी निकासी

सर्लाही, ११ फागुन
सर्लाहीको लालबन्दीमा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले चालु आर्थिक वर्षको सात महिनामा एक अर्ब बढीको तरकारी निकासी गरेको छ ।
लालबन्दी नगरपालिका-७ मा रहेको कृषि थोक बजार व्यवस्थापन समितिले गत साउन १ देखि माघ मसान्तसम्ममा तरकारी निकासीबाट रु एक अर्ब ६६ लाख ६३ हजार तीन सय ५० रकम आर्जन गरेको समितिका व्यवस्थापक शम्भु घिमिरेले जानकारी दिएका छन् । उनका अनुसार आव २०७९/०८० को साउनमा रु २० करोड दुई लाख, भदौमा रु १८ करोड ८५ लाख ५२ हजार, असोजमा रु २७ करोड ८० लाख ८३ हजार, कात्तिकमा रु नौ करोड ६३ लाख ७८ हजार, मङ्सिरमा रु सात करोड १० लाख ६८ हजार, पुसमा रु १७ करोड १५ लाख ८८ हजार र माघमा रु २० करोड ९४ लाख ३७ हजार हाराहारी रकम सङ्कलन छ ।
चालु आवको सात महिनामा रु एक अर्ब ६६ लाख ६३ हजार तीन सय ५० रकम सङ्कलन भएको समितिका अध्यक्ष तोरणबहादुर मगरले जानकारी दिनुभयो । जिल्लाको लालबन्दी, हरिवन, हरिपुर र ईश्वरपुर नगरपालिका क्षेत्रमा किसानले उत्पादन गरेका गोलभैंडा, परबल, बोडी, सिमी, भन्टा, करेलालगायतका तरकारी लालबन्दीको बजारमा आउने समितिले जनाएको छ ।
अध्यक्ष मगरका अनुसार सिन्धुली, रामेछाप, काठमाडौँ, पोखरा, बुटवल, भैरहवा, नारायणगढ, नेपालगञ्ज, हेटौंडा, वीरगञ्ज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनवर्षा तथा सीतामाडीलगायतका स्थानमा लालबन्दीबाट तरकारी निकासी हुन्छ ।
लालबन्दीबाट टमाटर, भन्टा, बोडी, लौका, करेला, काँक्रो, फूलकोभी, बन्दा कोभी, घिरौंला, सिमी, झिङ्गनी, मूला, हरियो खुर्सानी, बेथुको साग, गाँजर, भिन्डी, परबल, रुख कटहर, फर्सी, धनियाँको पात, कागती, मटरकोसा, प्याज र भैंडेखुर्सानीलगायतका तरकारी निकासी हुन्छ ।
त्यस्तै, सङ्घीय सरकार मातहत रहेको थोक



तरकारी बजारको छ कोठे भवन निर्माणका लागि शिलान्यास गरिएको छ । कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको ५० लाख ७७ हजार मा सो भवन निर्माण हुनेछ । चालु आवको असार मसान्तसम्ममा निर्माण सम्पन्न गर्ने गरी समितिले नै भवन निर्माणको काम थालेको अध्यक्ष मगरले जानकारी दिनुभयो ।
लालबन्दी बजारसहित सङ्घ सरकार मातहत ११ वटा बजार रहेका छन् ।रासस

# "कक्षा ६, कोठा ३ : थपिँदै दु:खका दिन"

जनकपुरधाम, ११ फागुन ।
धनुषाको जनकपुरधाम उपमहानगरपालिका-८ दशरथ नगरस्थित श्री राष्ट्रिय प्राविमा शिशुदेखि कक्षा ५ सम्म पढाइ हुन्छ । तर, यहाँ पठनपाठनका लागि तीन वटा मात्रै कक्षाकोठा छन् ।
एउटै कक्षाकोठामा फरक-फरक २ कक्षाका विद्यार्थी राखेर पठनपाठन गर्नुपर्दा गुणस्तरीय सिकाइमा निकै समस्या भइरहेको छ भने विद्यार्थी संख्या पनि बर्सेनि घट्दै छ ।एकातिर कक्षाकोठाको अभाव, त्यसैमा भएकै संरचनाको पनि उचित व्यवस्थापन नहुँदा यो विद्यालय संरक्षकको अभावमा बेवारिसे छोडिएको कुनै संरचनाजस्तै लाग्छ । विद्यालय हो भन्ने ठम्याउन पनि प्रवेशद्वार अड्याउनका लागि बनाइएको पर्खालको भित्तामा लेखिएको विद्यालयको नामको सहारा लिनुपर्ने अवस्था छ । उपमहानगरपालिकाकै 'मुटु' भागमा रहेको यो विद्यालय विसं २०५७ देखि सञ्चालनमा छ । विसं २०६६ देखि सरकारी मान्यता पाएर जेनतेन अहिलेसम्म सञ्चालनमै रहे पनि भौतिक पूर्वाधार व्यवस्थापनमा ध्यान नदिँदा यहाँ विद्यार्थी जोगाउनसमेत धौधौ छ । विज्ञान विषयकी शिक्षिका सुनिताकुमारी चौधरीले विद्यालयको भौतिक सुधार हुन नसक्दा अहिले नजिकका अभिभावकले विकल्प खोज्न थालेको बताए । कक्षा कोठाको अभाव, सडकसँगै जोडिएर पनि घेरा पर्खाल नहुँदाको असुरक्षा, फोहरमैला जस्ता विभिन्न कारणले अहिले विद्यार्थी पाउन मुस्किल भएको उनले बताए । शिक्षिका पिंकी कुमारीले उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रमै भएर पनि भौतिक संरचनाको अभावले विद्यार्थीलगायत शिक्षक, शिक्षिकालाई पठनपाठन गर्न निकै कठिनाइ भइरहेको गुनासो गरे । एउटा कक्षाको विद्यार्थीलाई पढाउँदा अर्कोले त्यही कोठामा बस्नुपर्छ, त्यो समय अर्को साथीले पढाउने कुरा पनि भएन, उनले भने , यस्तो समस्या वर्षौंदेखि छ, विद्यार्थी र हामी पनि निरास छौं, समयको बर्बादी र गुणस्तरीय सिकाइमा समस्या भइरहेको छ ।
विद्यालयका प्रधानाध्यापक विन्देश्वर दासले पनि यसरी पढाउन थालेको वर्षौं भएको जानकारी दिए । एउटै कक्षामा फरक फरक दुई कक्षाका विद्यार्थी राखेर पढाउन थालिएको वर्षौं भइसक्यो, के गर्नु बाध्यता यस्तै छ, उनले भने , विद्यालयको आम्दानी छैन, अरुलाई भवन बनाएर सहयोग गरिदिन भनेको वर्षौं भइसक्यो तर कसैले सुनेनन्, अब त थाकी सके !
कुनै बेला एउटै कक्षामा दुईसयसम्म विद्यार्थी हुने यस विद्यालयमा अहिले छ वटा कक्षामा भर्ना हुने विद्यार्थीको संख्या जोड्दा करिब एक सय मात्रै छ । तर, ती सबै विद्यार्थी विद्यालयमा नियमित उपस्थित हुँदैनन् । तथ्याङ्कअनुसार विद्यालयमा कक्षा १ मा १७, कक्षा २ मा १६, कक्षा ३ मा १२, कक्षा ४ मा ६ र कक्षा ५ मा नौ जना विद्यार्थी भर्ना छन् । शिशु कक्षामा भने ४० विद्यार्थी रहेको विद्यालयको अभिलेखमा देखिन्छ । यहाँ दुई स्थायी, दुई राहत र तीन बाल विकासलाई पढाउने जनशक्ति तथा दुई सहयोगी गरी आठ जना कर्मचारी छन् । नजिकै मुस्लिम धर्मावलम्बीको बसोबास रहेकाले यस विद्यालयमा भर्ना हुने कूल विद्यार्थीमध्ये पाँच/सात जनाबाहेक सबै सोही समुदायका बालबालिका छन् ।
कक्षा ५ मा अध्ययनरत छात्र अरमान अन्सारीले अर्को कक्षासँग बसेर पढ्नुपर्दा सबैभन्दा दुःख लाग्ने गरेको बताए । उनले एउटा सरले पढाएको बेला अर्को कक्षाको विद्यार्थी पर्खेर बस्नुपर्ने वा समय बिताउन कक्षा छोडेर अन्तै जानुपर्ने कारण आफूहरुलाई स्कूल आउन मन नै नलाग्ने गरेको सुनाए । त्यसैगरी कक्षा ४ मा अध्ययनरत सृष्टिकुमारी चौधरीले गरिबीका कारण आफू श्री राष्ट्रिय प्राविमा पढ्न बाध्य भएको जनाए । हुनेखाने साथीहरु विद्यालय छोडेर अन्तै पढ्न गइसके तर हामी चाहिँ गरिबीको कारणले यही पढिरहेका छौं, सृष्टिले मलिन मुद्रामा भने ,हाम्रा लागि त कोही पनि रहेन छ, विद्यालय राम्रो भए त राम्ररी पढ्न पाइन्थ्यो, भविष्य पनि राम्रो बन्थ्यो होला तर अहिले त विकल्प नभएर यहाँ आउनुपरेको छ ।
विसं २०६६ मा विद्यालयले सरकारी स्वीकृति पाएसँगै जिम्मेवारी सुरु गरेका प्रधानाध्यापक यादवले विद्यालयको यही दूरावस्थाका कारण प्रतिवर्ष विद्यार्थीको संख्या घट्दै गएको बताए । गरिब पढ्ने स्कूल भनेर पो हो कि, कसैले यहाँको अवस्था सुधार्न सहयोग गर्दैनन्, यसले विद्यार्थी त घटिरहेकै छन्, सँगसँगै उपमहानगरमै यस्तो अवस्थाको विद्यालय भन्ने गरिन्छ, प्रअ यादवले भने ।
यो विद्यालयको अवस्थाका बारेमा वडा र उपमहानगरपालिकाको नेतृत्वलाई पनि जानकारी छ तर सुधारका लागि भने ठोस् पहल भएको छैन । उपमहानगर प्रमुख मनोजकुमार साहले आफ्नो कार्यकाल सुरु भएको छोटो समयमै आफूले विद्यालयको अवस्था सुधारका लागि पहल सुरु गरिसकेको बताए । सुरुमा रु पाँच लाख दिने कुरा भएको र आफ्नो कार्यकालमा विद्यालयको मुहार फेर्ने गरी काम हुने उनले प्रतिबद्धता जनाए ।
त्यसैगरी वडा नं ८ का अध्यक्ष दिनेशकुमार सिंहले पनि विद्यालयको भौतिक संरचना सुधारका साथै त्यहाँ वरपरको वातावरण पनि विद्यालयमैत्री बनाउन जरुरी रहेकाले सोहीअनुसार सुधारका विषयमा छलफल भइरहेको बताए । उनले विद्यालयलाई विद्यालयजस्तै बनाउने गरी काम हुने धारणा राखे ।
विसं २०६७ सम्म कक्षा १ को पढाइ हुने यस विद्यालयमा शैक्षिक सत्र २०६७ मा कक्षा २, विसं २०७२ मा कक्षा ३ र २०७३ मा कक्षा ४ र चालु शैक्षिक सत्रदेखि कक्षा पाँचसम्मको पढाइ हुन्छ । प्रधानाध्यापक यादवले आफूले स्थानीय, प्रदेश र केन्द्र सरकारले विद्यालयको अवस्था सुधारमा सहयोग गरे उर्दु शिक्षक र अङ्ग्रेजी माध्यममा पढाइ सुरु गरी विद्यार्थीको आकर्षण बढाउने योजना रहेको बताए ।रासस

# उद्योग ब्यापार संघ गोलबजारमा साहको प्यानल निर्वाचित

मुकेश यादव
सिरहा, ११ फागुन । उद्योग व्यापार संघ गोलबजारमा विजय साह प्यानलसहित निर्वाचित भएका छन् । बिहीवार सम्पन्न मत परिणाम अनुसार सार्वजनिक मत परिणाम अनुसार निकटतम प्रतिस्पर्धी जीवछ साहको प्यानललाई उच्छिनदै विजय साहको प्यानल निर्वाचित भएका हुन् । अध्यक्ष पदमा निर्वाचित विजय साहल ९८१ मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी जिवछ साहले ६३६ मत प्राप्त गरेका छन्। प्रथम उपाध्यक्ष राकेश कुमार साह 'गुप्ता' एक हजार ६३ मत सहित विजयी हुँदा प्रतिस्पर्धी अरविन्द कुमार सिंहले ५८८ मत प्रप्त गरेका छन्। द्वितिय उपाध्यक्ष त्रिदेव कुमार साह एक हजार ३१ मत सहित विजयी हुँदा प्रतिस्पर्धी विनोद कुमार साहले ६०८ मत प्रप्त गरेका छन् ।
त्यसैगरी, कोषाध्यक्षमा मोहम्मद एकलाख खाँ ९७० मत सहित निर्वाचितहुँदा प्रतिस्पर्धी उपेन्द्र गण्डाले ६५५ मत प्राप्त गरेका छन्। सचिवमा राजदेव यादव ९८० मत सहित विजयी भएका छन्। उनका निकटतम प्रतिस्पर्धी राजकुमार महतोले ६६३ मत प्राप्त गरेका छन् ।सहसचिवमा वीरेन्द्र सिंह एक हजार ९० मतसहित विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी सुनिल पूर्वेले ५४५ मत प्राप्त गरेको छन् । उद्योग व्यापार संघ गोलबजारको प्राङ्गणमा बुद्धबार सम्पन्न निर्वाचनमा ९१ प्रतिशत मतदान भएको मुख्य निर्वाचन अधिकृत प्रसान्त साहले जनाएको छ । जम्मा एक हजार ८७० मतदातामध्येय एक हजार ६९९ मत पोलिङ् भएको निर्वाचन अधिकृत साहले जानकारी दिए। बुधबार राति १० बजेबाट मतगणा सुरुगर्ने भनेपनि प्रतिनिधीहरुकै सहमतिमा विहिबार विहान ८ बजेबाट मतगणणा सुरु भएको थियो । निर्वाचनमा तीन अध्यक्ष, दुई प्रथम उपाध्यक्ष, द्वितिय उपाध्यक्ष, दुई महाशचिव, दुईजना सहिव र दुईजना कोषाध्यक्ष सहित १३ जनाको उम्मेद्वारी परेको थियो । उद्योग ब्यापार संघका ९ जना सदस्यहरु भने निर्विरोध निर्वाचित भएका छन् ।

# कृषि मन्त्री साहलाई मध्य रौतहटमा भव्य स्वागत



मधेशदृष्टि
गरूडा,११ फागुन । संघीय सरकारका नवनियुक्त माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साह लाई बिहीबार मध्य रौतहटको गरूडामा भव्य स्वागत गरिएको छ । मन्त्री साहलाई विरेन्द्र राजमार्ग स्थित गरूडमा रहेको प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना कार्यालय गरूडामा भव्य स्वागत गरिएको हो । मन्त्री साहलाई स्वागत गर्न परियोजनाका कार्यालय प्रमुख दिपक कुमार मिश्रको नेतृत्वमा मूल गेटमा ताँतीमा बसेका थिए । स्वागत पछि परियोजना कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा कार्यालय प्रमुख मिश्रले गत आर्थिक वर्ष २०७८/०७९ र चालू आ.व.२०७९/८० को कामको बारेमा मन्त्री साहलाई ब्रिफिङ्ग गर्नु भएको थियो । साथै बनाना रिसोर्ट बाट ल्याएर बनाइएको परिकारहरूको डिस्प्ले युनिट पनि राखिएको थियो । साथै मन्त्री साहलाई परियोजना कार्यालयको तर्फबाट सम्मान पनि गरिएको थियो । कार्यक्रमलाई समबोधन गर्दै मन्त्री साहले परियोजनाले गरेका कामहरू लाई प्रशंसा गरेका थिए । साथै उनले रौतहटमा छिट्टै अर्गानिक मलको फैकट्री सञ्चालन गरिने पनि जानकारी गराएका थिए ।

## राष्ट्रपति निर्वाचन ........................................

समेटेर राष्ट्रपति बनाउन खोजेकाले सहमति हुन नसकेको यादवले बताए ।

### राष्ट्रपतिका लागि नेपाललाई एमाले फकाउँदै

राष्ट्रपति निर्वाचन पेचिलो भइरहेका बेला एमालेले नेकपा (एस) का अध्यक्ष माधव नेपाल फकाउन कसरत शुरु गरेका छन् ।
एमाले उपाध्यक्ष ईश्वर पोखरेलले नेकपा (एस) का अध्यक्ष नेपालसँग भेटवार्ता समेत गरेका छन् । राष्ट्रपति निर्वाचनको विषयलाई लिएर राजनीतिक समीकरण फेरबदल हुनसक्ने चर्चाका बीच अध्यक्ष नेपाल र उपाध्यक्ष पोखरेलबीच भेटवार्ता भएको हो । दुई नेताबीच पार्टी एकता र राष्ट्रपति निर्वाचनका बारेमा कुराकानी भएको पोखरेल निकट स्रोतले जनाएको छ ।
एमालेले राष्ट्रपतिमा अध्यक्ष नेपाललाई अघि सार्ने बताए पनि अध्यक्ष नेपाल विश्वस्त हुन सकेका छैनन् । सोही कारण नेपाल कांग्रेस, माओवादी सहितको पुरानो गठबन्धन ब्युँताउने कि एमालेको प्रस्ताव स्वीकार गर्ने भन्ने दोधारमा छन् त्यस क्रममा उनले दुवैतिरको संवाद चलाइरहेका छन् ।
'दुई नेताबीच पछिल्लो राजनीतिक घटनाक्रम पार्टी एकता राष्ट्रपति निर्वाचन लगायतका विषयमा कुराकानी भयो', स्रोतले भन्यो, 'खासगरी अध्यक्षले नेकपा ब्युँताउने भए आफु एमालेबाट राष्ट्रपति बन्न तयार भन्ने आशय प्रकट गरेको बुझियो ।'
जवाफमा उपाध्यक्ष पोखरेलले अहिले पनि नेकपा नै रहेको भन्दै नेपालको प्रस्तावमा छलफल गर्न सकिने जवाफ दिएका छन् । 'अहिले पनि नेकपा नै त छ, यसमा छलफल गर्न सकिन्छ तर कांग्रेसलाई फाइदा हुने र कम्युनिस्टलाई घाटा हुने गरी निर्णय नगर्नुस', पोखरेलको भनाइ उद्वृत गर्दै स्रोतले भनेको छ । केही दिन अघिमात्रै एमाले अध्यक्ष ओलीले पनि अध्यक्ष नेपाललाई भेटेर पार्टी एकता गर्न र राष्ट्रपतिको उम्मेदवार बन्न प्रस्ताव गरेका थिए ।

## मिडिया : दृश्य ......................

नाङ्गेझार पार्दै गएको गैरनाफामुखी संस्था हो । यसले पेगासेसको रहस्य पनि सार्वजनिक गरेको थियो ।
**शक्ति र मिडिया**
जब शक्तिले मिडिया नियन्त्रण गर्न सक्दैनन् तब मिडियाको स्वामित्व नै किनेर स्वतन्त्र मिडियाको घाँटी दबाउँछन् । तर अपराध कर्म छिपाउन भने सक्दैनन् । वास्तविक मिडियासामु शक्ति बबुरो बन्न पुग्छ । हिन्डनर्वर्गको एउटै ३२ हजार शब्दको लेखले विश्वको दोस्रो धनाढ्य गौतम अडानीलाई २५ औं नम्बरमा पुर्‍याइदियो । भारतमा भिन्न प्रकारको समाचार र विश्लेषण गर्ने टेलिभिजनलाई व्यवस्थापन गर्न नसकेपछि स्वामित्वकै लिँदा पनि गम्भीर खाले विश्व मिडिया प्रभावित पार्न सकेनन् । पानामा पेपर, फोब्र्स, ब्लुमार्क, हिन्डनवर्ग रिसर्च, वाशिङ्गटन टाइम्स र द गार्जियनलाई विज्ञापनले नियन्त्रण र प्रलोभन पार्नै सकेन ।
नयाँ मिडियाको उदयले संसारभरका मानिसहरू र इन्टरनेटबीचको सञ्चार बढाएको छ । यसले मानिसहरूलाई ब्लगहरू, वेबसाइटहरू, भिडियोहरू, तस्बिरहरू र अन्य प्रयोगकर्ता-उत्पन्न मिडियामार्फत व्यक्त गर्न अनुमति दिएको छ । (रासस)



फरबरी ६, २०२३ मा महिलाहरू निकारागुआको प्यासिफिक कोस्ट, एसेराडोरेस सहरमा फर्किंदै, म्यान्ग्रोभहरूबाट कालो गोलाहरू सङ्कलन गरेर पछि त्यस क्षेत्रका पर्यटकहरू र रेस्टुरेन्टहरूमा बेच्न। - सानै उमेरदेखि, एलेना मार्टिनेज र अन्य महिला बासिन्दाहरू पूर्वी निकारागुआको एउटा सानो माछा मार्ने समुदायको Aserradores, माटोको गहिरोबाट कालो मोलस्क निकाल्नको लागि घना म्यानग्रोभ जंगलमा नेभिगेट गर्न सिक्नुहोस् । हरेक केही दिनमा, तिनीहरू बिहानको समयमा घरबाट बाहिर निस्कन दुई किलोमिटर (१.२ माइल) माछा मार्ने डुङ्गामा म्यानग्रोभमा जान्छन्, जहाँ तिनीहरू हिलोमा घुँडासम्म गहिरो माटोको हाँगाहरूबाट क्रल गर्छन्, हातले स्वादिष्टता खोज्दै। टेबुलमा खाना राख्दा, महिलाहरूले म्यान्ग्रोभको संरक्षण गर्न पनि मद्दत गर्छन् - एक प्राकृतिक बाधा जसले अनगिन्ती जनावर प्रजातिहरूलाई आश्रय दिन्छ र तटीय बस्तीहरूलाई बाढी, ज्वार छालहरू र आँधीबेहरीबाट जोगाउँछ । *(ओस्वाल्डो रिभास / एएफपी द्वारा फोटो)*

# भलिबलको उपाधी बारालाई

घनश्याम बलम्पाकी

सर्लाही, ११ फागुन । महाशिवरात्री पर्वको अवसरमा हरिपुर नगरपालिका-७ स्थित धार्मिक एवं ऐतिहाँसिक चितायन मेला स्थलमा सम्पन्न अन्तर प्रदेश स्तरीय मेयर कप भलिबल प्रतियोगिताको उपाधि बाराले जिल्लाले हात पारेको छ ।



प्रतियोगिताको फाइनल खेलमा झापा जिल्लालाई ३-१ को सेटमा पराजित गर्दै बारा बिजेता बनेको हो । जितसँगै बाराले ८० हजार रुपैयाँ नगदसहित ट्रफी उचालेको छ । उपबिजेता झापा भने ५० हजार रुपैयाँमा चित्त बझ्ुाउन बाध्य भयो । प्रतियोगितामा सर्वोत्कृष्ट हुने बाराका विजय थापासहित विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई सम्मान गरिएको कार्यक्रम संचालक चेतनारायण धामीले जानकारी दिए । बिजेता तथा उपबिजेता र उत्कृष्ट खेलाडीलाई आयोजक लक्ष्मीनाथ युवा क्लबका अध्यक्ष नरहरि धामी, प्रदेशसभा सदस्य बेची लुंगेली, हरिपुर नगरपालिकाका मेयर गोपाल पंजियार, उपमेयर निलमदेवी राय यादव, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिवाकर भुजेल, हरिपुर नगरपालिका ७ का वडाध्यक्ष मनोजकुमार चौधरी, नेकपा एकीकृत समाजवादी पार्टी सर्लाहीका अध्यक्ष सुरेन्द्र लामा, राष्ट्रिय भलिबल टिमका पूर्व खेलाडी भरतबहादुर साह, समाजसेवी सुनिल बस्नेत, इलाका प्रहरी कार्यालय हरिपुरका प्रहरी निरीक्षक विजय कुँवरलगायत भएर पुरस्कार वितरण गरेका छन् । लक्ष्मीनाथ युवा क्लब चितायनको आयोजना तथा हरिपुर नगरपालिकाको सहयोगमा आयोजित प्रतियोगितामा सर्लाही, बारा, झापा, सिन्धुली, मकवानपुर, महोत्तरी, धनुषा, सशस्त्र प्रहरीको २ नम्वर बाहिनी बर्दिवास र मेघरौल महोत्तरीसहित नौवटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको समापनकै अवसरमाईश्वरपुर नगरपालिका-३, भक्तिपुर निवासी समाजसेवी सुनिल बस्नेतले जिल्ला भलिबल संघका सर्लाहीका लागि संघका अध्यक्ष रामानन्द सिंह थारुलाई १० थान जर्सी प्रदान गरेका छन् ।

# आर्क्टिक क्षेत्रमा चीनले जासुसी गरिरहेको प्रमाण भेटियोः क्यानडा

जनकपुरधाम, ११ फागुन । क्यानडाको सेनाले हालै आर्क्टिक क्षेत्रमा चीनले "जासुसी गर्ने प्रयास गरेको" प्रमाण भेटिएको दाबी गरेको छ । सुरुमा क्यानडाको पत्रिका द ग्लोब एन्ड मेलले त्यसबारे समाचार प्रकाशन गरेको थियो। त्यसले पृथ्वीको सुदूर उत्तरमा चिनियाँ गतिविधिमाथि प्रश्न उठाइदिएको छाकेही दिनअघि अमेरिकी सेनाले लडाकु विमान प्रयोग गरी अमेरिका र क्यानडाको आकाशमा उडेको एउटा सन्दिग्ध चिनियाँ जासुसी बलुन खसालिदिएको थियो। अहिले क्यानडाको सेनाले चीनले आर्क्टिक क्षेत्रमा निगरानी गर्ने प्रयास गरेको बताएको हो। क्यानडामा भएको निर्वाचनमा हस्तक्षेप गरेको आरोप पनि चीनलाई लागेको छ। यद्यपि चीनले त्यसको खण्डन गरिसकेको छ।



**के भेट्यो क्यानडाले?**

क्यानडाको सेनाले जल, स्थल र आकाशबाट देशलाई हुनसक्ने खतरा पहिचान गर्न 'अपरेशन लिम्पड' नामक अभियान सञ्चालन गरेको छाउक्त अभियानका क्रममा चीनले निगरानी गर्न परिचालन गरेका पानीमा तैरिने उपकरणहरू गत शरद्याममा समुद्रमा फेला परेको उसको दाबी छाक्यानडाको डिपार्टमन्ट अफ न्याशनल डिफेन्सका प्रवक्ता डेनियल ल बुथिएले एउटा वक्तव्यमा भनेका छन्, "चीनले क्यानडाको आकाश र समुद्री क्षेत्रमा निगरानी गर्न हालै गरेका प्रयासबारे सेनालाई पूर्ण जानकारी छा"उनले चीनले "दोहोरो उद्देश्य भएका प्रविधि"को प्रयोग गरेर त्यसो गरेको दाबी गरेका छन्। अर्थात् चीनले त्यसबाट प्राप्त विवरण अनुसन्धान र सैन्य निगरानी दुवैका लागि प्रयोग गर्न सरक्छ ।

**आर्क्टिक क्षेत्रमा चीनको चासो कस्तो?**

डेनियल ल बुथिएले सेनाले सन् २०२२ देखि नै क्यानडाली भूभागमा निगरानी गर्ने त्यस्ता प्रयासलाई रोकेको बताए। तर उनले त्यसबारे विस्तृत विवरण दिएनन्। चीनले आर्क्टिक क्षेत्रमा लामो समयदेखि चासो देखाउँदै आएको छ। उसले विगत दुई दशकमा त्यस क्षेत्रमा ३३ पटक उच्चस्तरीय व्यक्तित्वहरू पठाएको छ। चीन धेरैवटा प्रमुख आर्क्टिक संस्थामा सहभागी हुँदै आएको छ। उसले प्रायः पृथ्वीको उत्तरी क्षेत्रमा अनुसन्धानका लागि टोलीहरू पठाउने गरेको छ। जलवायु परिवर्तनका कारण बरफ पग्लिने क्रम बढेको अवस्थामा चीनले यस क्षेत्रबाट युरोपसम्म जानका लागि छोटो व्यापारिक मार्ग खोल्ने आशा राखेको छ। त्यसका साथसाथै त्यहाँ उपलब्ध विभिन्न प्राकृतिक स्रोतमा पनि उसको चासो छ।

**अन्य देशको चासो**

आर्क्टिकमा सैन्य गतिविधिका लागि सर्वेक्षण गर्ने प्रयासका रूपमा उक्त क्षेत्रमा अनुसन्धान गर्ने चीनको चासो दोबर भएको विज्ञहरूको धारणा छात्यस क्षेत्रमा हालसम्म थाहा नभएका प्राकृतिक स्रोतप्रति आर्क्टिक देशहरू अमेरिका, क्यानडा, फिनल्यान्ड, रुस, नर्बे, स्वीडन आदिको पनि उत्तिकै चासो छा"यो संसारको एउटा यस्तो भाग हो त्यसलाई अन्य अक्षांशमा जस्तै नक्साङ्कन गर्न र अन्य क्षेत्रको जस्तै विवरण प्राप्त गरेर बुझ्न सकिएको छैन," सेन्टर फर इन्टरन्याशनल गभर्नेन्स इनोभेशनका वरिष्ठ शोधार्थी रोबेर्टो माजोलिनले भने। उनी क्यानडाका सुरक्षा निकायबाट सेवानिवृत्त भएका वरिष्ठ अधिकारी हुन्। उनका भनाइमा क्यानडाले ऐतिहासिक रूपमा आर्क्टिकलाई खतराको कम सम्भावना भएको सुरक्षित क्षेत्रको रूपमा हेरेको छातर त्यस क्षेत्रमा रुस र हालै चीनले देखाएको चासोले त्यसमा परिवर्तन गरिदिएको छाउनका अनुसार क्यानडाले आफ्नो सुरक्षा र सैन्य रक्षाको कुरालाई दृष्टिगत गरेर विभिन्न गतिविधिमाथि निगरानी गर्नुपर्ने अवस्था आएको छ ।

**के भन्छ क्यानडा?**

बुधवार क्यानडाकी विदेशमन्त्रीले सीएनएनसँग आफूले चीनलाई विध्वंशक शक्तिको रूपमा हेरेको बताएकी थिइन् । उनले क्यानडाको हवाईक्षेत्रको सुरक्षा र आर्क्टिकको स्वाधीनताका लागि अमेरिकासँग मिलेर काम गर्ने बताइन्।क्यानडाको सङ्घीय निर्वाचनमा चिनियाँ हस्तक्षेप भएको भनेर त्यहाँ छानबिन भइरहेका बेला यो नयाँ प्रकरणले चीन उत्तर अमेरिकामा पुनः एक पटक विवादमा आएको छ। यद्यपि क्यानडामा रहेका चिनियाँ अधिकारीहरूले त्यहाँको निर्वाचनमा आफूहरूले कुनै हस्तक्षेप नगरेको बताउँदै आएका छन् । यसै महिनाको सुरुमा चिनियाँ जासुसी बलुनहरू अमेरिका तथा क्यानडाको आकाशमा उडेका भन्ने खबरहरू आएका थिए। आकाशमा उडिरहेका कतिपय सन्दिग्ध वस्तुलाई अमेरिकाले सैन्य विमान प्रयोगगरेरखसालेकोथियो।यद्यपि चीनले ती बलुन जासुसीका लागि नभई अनुसन्धानका लागि प्रयोग भएको दाबी गर्दै क्यानडा र अमेरिकाले लगाएको आरोपको खण्डन गर्दै आएको छ । विविसी

# के पुटिनले युक्रेनमा थालेको युद्ध विफल भएको हो

जनकपुरधाम,११ फागुन । दोस्रो विश्वयुद्ध सकिएपछि अहिलेसम्म भएको सबैभन्दा ठूलो आक्रमणलाई पुटिनले अझै पनि विशेष सैन्य कारबाही भन्ने गरेका छन् गत वर्ष फेब्रुएरी २४ मा भ्लादिमिर पुटिनले युक्रेनमा दुई लाख सैनिक पठाउँदा उनलाई केही दिनमै रुसी सेना किएभभित्र छिर्ने र त्यहाँको सत्ता ढाल्न सकिने गलत अनुमान गरेका थिए। एक वर्षको अवधिमा रुस कैयौँ पटक पछि हट्नुपर्ने लाजमर्दो अवस्था उत्पन्न भयो। त्यसले उनको युक्रेनमा अतिक्रमण गर्ने प्रारम्भिक योजना विफल भएको देखिन्छ। तर रुसले लडाइँ हारिसकेको भने छैन ।

**पुटिनको वास्तविक लक्ष्य के थियो?**

अहिले पनि रुसी नेताहरू दोस्रो विश्वयुद्ध सकिएपछी भएको सबैभन्दा ठूलो आक्रमणलाई ' विशेष सैन्य कारबाही' का रूपमा व्याख्या गरिरहेका छन्। पूर्ण स्तरको युद्ध नभनिएको भए पनि युक्रेनभरि गैरसैनिक क्षेत्रहरूमा पनि हमला गरिएको सो कारबाहीमा आफ्नै देशभित्र विस्थापित गरिएका वा बाहिर शरण लिन बाध्य पारिएका मानिसको सङ्ख्या करिब एक करोड ३० लाख छ। सन् २०२२ को फेब्रुएरी २४ मा युक्रेनलाई 'असैनिकीकरण र नाजीमुक्त गर्नु आफ्नो उद्देश्य रहेको उनले बताएका थिए। रुससमर्थित समूहहरूले सन् २०१४ यता कब्जा गरेका पूर्वी युक्रेनी भूभागको स्वतन्त्रतालाई समर्थन गर्ने निर्णय गरिएको केही दिनपछि पुटिनले बल प्रयोग गरेर युक्रेन कब्जा गर्ने आफ्नो लक्ष्य नरहेको बताएका थिए। उनले मानिसहरूलाई आठ वर्षदेखिको युक्रेनी अत्याचार र नरसंहारबाट जोगाउने प्रतिबद्धता व्यक्त पनि गरेका थिए। रुसले गरेको त्यस्तो प्रचारको कुनै वास्तविक आधार भने छैन। उनले युक्रेनमा नेटोको उपस्थिति रोक्ने उल्लेख गर्दै अर्को उद्देश्य युक्रेनको तटस्थ हैसियत कायम राख्नु भएको बताए ।राष्ट्रपति पुटिनले कहिल्यै पनि सार्वजनिक रूपमा नबोलेको भए पनि उनको एउटा प्रमुख प्राथमिकता युक्रेनका निर्वाचित राष्ट्रपतिलाई अपदस्थ गर्नु थियोँशत्रुले मलाई पहिलो निसाना र मेरो परिवारलाई दोस्रो निसाना बनाएको छ, राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भनेका थिए। उनका सल्लाहकारका अनुसार रुसी सैनिकहरूले राष्ट्रपति निवास परिसरमा हमला गर्ने प्रयास दुई पटक गरेका थिए।नाजीहरूले युद्धअपराध गरेको भन्ने रुसी दाबी कहिल्यै पनि प्रमाणित भएन। तर रुसी सरकारी सञ्चार संस्थाले 'गैरनाजीकरण अन्ततः गैरयुक्रेनीकरण भएको उल्लेख गऱ्यो। त्यसको अर्थ उक्त कदमको व्यावहारिक अर्थ आधुनिक युक्रेन राज्यको अस्तित्व मेटाउनु हुन जान्छ। वर्षौंसम्म रुसी राष्ट्रपतिले युक्रेनको स्वतन्त्र हैसियत अस्वीकार गर्दै आएका छन्। सन् २०२१ मा एउटा लामो लेख लेख्दै उनले नवौँ शताब्दीयता 'रुसी र युक्रेनीहरू एकै मानिस' भएको बताएका थिए। पुटिनले कसरी लक्ष्य फेरे ? आक्रमणको एक महिनापछि किएभ र चेर्निभबाट पछि हट्नुपर्ने अवस्था आएसँगै उनको अभियानको लक्ष्य नाटकीय रूपमा बदलियो। त्यसपछिको मुख्य उद्देश्य 'डोन्बासको स्वतन्त्रता' बन्न पुग्यो। त्यो क्षेत्रमा लुहान्स्क पूर्वको र डोनेट्स्कस्थित दुई प्रमुख औद्योगिक क्षेत्रहरू पर्छन्।उत्तरपूर्वको खार्किभ र दक्षिणको खेअर्सनमा पनि पछि हट्न बाध्य भएको भए रुसको लक्ष्य बदलिएको छैन। तर ऊ आफ्नो लक्ष्यसम्म पुग्न सकेको छैन।लडाइँमा त्यस्तो अवस्था हुँदा गत सेप्टेम्बरमा रुसका नेताहरूले चारवटा युक्रेनी प्रान्त गाभ्ने निर्णय गरे। तर लुहान्स्क, डोनेट्स्क, खेअर्सन र जापोरिजामा उसको पूर्ण नियन्त्रण थिएन। राष्ट्रपति पुटिनले दोस्रो विश्वयुद्धपछि पहिलो पटक सैनिक परिचालन गर्ने घोषणा गरेका थिए। तर त्यो आंशिक थियो र जगेडामा रहेका झन्डै तीन लाख सैनिक मात्र पठाइएको थियो।अहिले ८५० किलोमिटर क्षेत्रमा फैलिएको अग्रमोर्चामा युद्ध जारी छ र रुसको जित सीमित र दुर्लभ छ। चाँडै सकिनुपर्ने ठानिएको कारबाही अहिले युद्ध बन्न पुगेको छ। पश्चिमा नेताहरू युक्रेनले यो युद्ध जित्नुपर्ने पक्षमा छन्। यसमा कोही पनि तटस्थ बस्न सक्ने सम्भावना छैन। राष्ट्रपति पुटिनले गत डिसेम्बरमा यो युद्ध लम्बिने चेतावनी दिएका थिए। तर पछि उनले रुसको लक्ष्य 'सैन्य द्वन्द्वको चक्का घुमाइराख्नु नभएको' बरु त्यसको अन्त्य गर्नु भएको टिप्पणी गरेका थिए । विविसी

# नेपाली टोलीको ब्याटिङ देखेर प्रशंसकहरू मन्त्रमुग्ध, कसरी पलायो त्यस्तो आत्मविश्वास

नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडीहरूको अहिले मुक्तकण्ठले प्रशंसा भइरहेको छ। आईसीसी विश्वकप लीग-२ क्रिकेटमा नेपालले गरेको प्रदर्शनमा खासगरी उत्कृष्ट ब्याटिङका कारण दर्शकहरू मन्त्रमुग्ध भए। लीग-२ खेल्नु अगाडिसम्म नेपाल टी-२० प्रतियोगिताका कारण उत्पन्न विवाद, म्याच फिक्सिङ र स्पट फिक्सिङका कारण खेलाडीहरूमा देखिएको तनाव, टी-२० मा खराब प्रदर्शन तथा नेपाल क्रिकेट सङ्घभित्रको विवादका कारण खेलाडीहरू मानसिक दबावमा थिए। यस्तो बेला एकदिवसीय अन्तर्राष्ट्रिय ओडीआई क्रिकेटको मान्यता जोगाउने चुनौती थियो। घरेलु मैदानमा नेपालसँग त्रिकोणात्मक शृङ्खलाा खेल्न लीग-२ को शीर्ष स्थानमा रहेको स्कटल्यान्ड र तेस्रो स्थानमा रहेको नामिबिया आएका थिए। त्यसैले नेपाली टोलीले उत्कृष्ट प्रदर्शन गर्ने वा शृङ्खलााका सबै खेल जित्ने अपेक्षा कसैले पनि गरेका थिएनन्।तर चार वटै खेलमा शत प्रतिशत जित निकाल्दै नेपाली खेलाडीहरूले लामो समयपछि ऐतिहासिक प्रदर्शन गरे। त्यसले नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउने अभियानमा ठूलो उपलब्धि मात्र भएको छैन, विभक्त हुने लागेको नेपाली क्रिकेट एकबद्ध पनि भएको सन्देश प्रवाह भएको देखिएको छायसमा सबैभन्दा बढी राहत नेपाल क्रिकेट सङ्घले पाएको छ। नतिजाले क्रिकेट विवादलाई छायामा पारेको छ र 'अक्षमता' को ट्याग लागिरहेको सङ्घका पदाधिकारीहरूलाई पनि शीतलता प्रदान गरेको देखिन्छ ।

ब्याटिङमा पलाएको अद्भुत आत्मविश्वास

लीग-२ को पहिलो खेलमा नेपाली टोली नामिबियाद्वारा प्रस्तुत २८६ रनको लक्ष्य पच्छ्याउन सफल भयो।एकदिवसीय क्रिकेटमा नेपालले पहिलो पटक यति ठूलो लक्ष्य पार गरेको हो।कुशल भुर्तेलको ११५ रनको मद्दतमा हात पारेको विजयले नेपाली टोलीमा बाँकी खेलका लागि ठूलो आत्मविश्वास जगाइदियो। यसअघि नामिबिया भ्रमणमा लीग-२ को एउटै खेल जित्न नसक्दा खेलाडीहरूको आत्मबल खस्किएको थियो। त्यहाँको परिणामले नेपाल ओडीआई मान्यता गुमाउने सँघारमा पुग्छ कि भन्न डर पनि उत्पन्न भएको थियो। त्यसपछि हरेक खेलमा खेलाडीहरूले लयपूर्ण प्रदर्शन गरेको देखियो। घरेलु मैदानमा भएका चार खेलमा पाँच ब्याटरहरू फरकफरक खेलमा चम्किए। पहिलो खेलमा भुर्तेलसँगै कप्तान रोहित पौडेलले ७२ रनको योगदान दिएका थिए। दोस्रो खेलमा स्कटल्यान्डलाई पराजित गर्न कुशल मल्ल (८१ रन) र दीपेन्द्र सिंह ऐरी (८५ रन) को भूमिका महत्त्वपूर्ण रह्यो। त्यस्तै ज्ञानेन्द्र मल्ल र आशिफ शेखले नामिबियाविरुद्ध तेस्रो खेलमा १३९ रनको साझेदारी गर्दै नेपालको उच्च साझेदारीको कीर्तिमान नै राखे।उक्त खेलमा आशिफ शेखले ८१, ज्ञानेन्द्र मल्लले ६५ र कुशल मल्लले ६२ रन बनाए।अन्तिम खेलमा नेपालले हारबाट जोगाउँदै टोलीलाई दिलाएको जित झन् स्वादिलो थियो।त्यसमा कप्तान रोहित पौडेलको अविजित ९५ रन र उनलाई नवौँ विकेटमा करण केसीले दिएको दरिलो साथ महत्त्वपूर्ण बन्यो।राष्ट्रिय टोलीका पूर्वप्रशिक्षक राजु बस्नेत भन्छन्, "टीम सन्तुलित थियो। एक खेलाडीमा भर परेको देखिएन। हरेक खेलमा फरकफरक खेलाडीहरूले आवश्यकताअनुसार प्रदर्शन गरे।""प्रशिक्षक मोन्टी देशाईले पनि खेलाडीहरूमा आत्मबल प्रशस्त थपिदिएको मलाई लाग्छ। एउटा प्रशिक्षकले टोलीमा कसरी फरक पार्न सक्छ भन्ने उदाहरण देशाई हुन्।"

प्रशिक्षक मोन्टी देशाईको प्रभाव

भर्खरै नेपाली टोलीलाई प्रशिक्षण गर्ने उत्तरदायित्व वहन गर्न थालेका भारतीय प्रशिक्षक मोन्टी देशाईका लागि यो पहिलो शृङ्खलाा थियो। मूलतः देशाई ब्याटिङ प्रशिक्षक हुन्। उनले नेपाली टोली र खेलाडीहरूलाई पहिले नै चिनेका हुनाले उनलाई सबैको क्षमता थाहा थियो।उनी खेल्न जानुअगाडि खेलाडीहरूलाई भन्थे, "शिर उठाएर खेल। तिमी आउट हुनु वा नहुनु ठूलो कुरा होइन, खेल आत्मविश्वासका साथ सानदार ढङ्गले खेल्ने हो।"टोली सम्हालेकै दिन 'ड्रेसिङ रुमको वातावरण सफा गर्ने' वाचा गरेका देशाईले त्यस्तो वातावरण छिट्टै नै ल्याइदिए।दीपेन्द्र सिंह ऐरी भन्छन्, "प्रशिक्षक एकदम पोजिटिभ हुनुहुन्छ। खेलाडीलाई नमिठो हुने कुरा गर्नुहुन्न। परिस्थिति बुझाइदिनुहुन्छ। यसले खेलाडीमा ऊर्जा दिएको छा"आईपीएलमा खेल्ने भारतीय क्लब राजस्थान रोयल्समा पनि ब्याटिङको प्रशिक्षण गरेका देशाई अफगानिस्तान र वेस्ट इन्डिजका पनि प्रशिक्षक रहिसकेका छन्। नेपालले चारवटै खेल जितेपछि देशाईले यसलाई आफ्नो करीअरको एउटा बिर्सिन नसकिने जित भनेका थिए।नेपाली क्रिकेटले देशाईलाई सम्झिने अर्को रोमाञ्चक कारण पनि छापाँच वर्षअगाडि नेपाली यू-१९ टोलीले भारतलाई एशिया कप क्रिकेटमा पराजित गर्दा देशाई नेपालको ब्याटिङ कन्सल्टेन्ट थिए भने दीपेन्द्र सिंह ऐरी कप्तान थिए।त्यो कुनै पनि फर्म्याटको क्रिकेटमा नेपालको भारतसँगको पहिलो र एक मात्र जित थियो।नेपालमा एकपछि अर्को प्रशिक्षक परिवर्तन भइरहेका बेला देशाई १५ महिनामा फेरिएका चौथा प्रशिक्षक हुन्। विसं २०७८ असोजमा हेभिवेट नामका रूपमा नियुक्त भएका अस्ट्रेलियाका डेब ह्वाटमोरले परम्परागत कमजोरी भनिएको ब्याटिङमा चामत्कारिक परिवर्तन गरिदिएको देखिएको थियो।कुशल भुर्तेलजस्ता खेलाडी उनकै प्रशिक्षणमा उदाएका थिए।तर उनको राजीनामापछि आएका पुराना प्रशिक्षक पुबुदु दशानायकेले टीमलाई लयमा ल्याउन नसकेको बताइन्छ। त्यसपछिका मनोज प्रभाकरको पालामा त टोली झन् खस्किएको थियो ठानिन्छ।देशाईले भने आशाको दरिलो सङ्केत दिएका खेलाडीहरू बताउँछन्।

घरेलु मैदान र दर्शकको लाभ

कीर्तिपुर मैदानको पिच पहिलेभन्दा फरक छाबलिङ पिचको रूपमा लामो समय परिचय बनाएको त्रिभुवन विश्वविद्यालयको मैदान पछिल्लो समय ब्याटिङका लागि राम्रो हुँदै आएको ठानिन्छ।घरेलु पिचले पनि खेलाडीहरूको आत्मबलमा फरक पर्ने ठानिन्छ। त्यसको भरपुर सदुपयोग यसपालि नेपाली खेलाडीहरूले गरेकै हुन्।अन्तिम दिनको खेल जितेपछि कप्तान पौडेलले भनेका थिए, "घरेलु पिचमा अभ्यस्त हुँदा पनि हामीलाई फाइदा भयो । "

त्यसमा घरेलु दर्शकको सदा झैँ साथ त छँदैछ । नेपाल टी-२० मा दर्शकलाई निःशुल्क मैदान प्रवेश गर्न दिँदा पनि मैदान खालि भएको थियो । रुष्ट बनेका दर्शकहरू अन्य खेलमा नआउने हुन् की भन्ने चिन्ता समेत बढेको थियो।तर दर्शकले राष्ट्रिय टोलीलाई गर्ने मायामा भने कुनै कमी आएन। अनि खेलाडीहरूले पनि दर्शकलाई निराश बनाएनन्।

सधैँ टस जित्नु मिठो संयोग

नेपालले चारवटै खेलमा टस जित्यो र दोस्रो ब्याटिङ गर्ने निर्णय लिन पायो।यसलाई नेपालका लागि मिठो संयोग मान्नुपर्छ।अर्को सुखद संयोग के भयो भने यसपालि कीर्तिपुरमा खेलिएका सबै खेलमा दोस्रो ब्याटिङ गर्ने टोलीले जित्यो।बिहानीको समयमा ओसिलो पिच ओसिलो हुने भएकाले बलको गति भिन्न हुने भएकाले त्यसको फाइदा बलरहरूलाई हुन्थ्यो। नेपाली टोली सन्दीप लामिछानेको बलिङमा सबै खेलमा त्यसबाट लाभान्वित भएको पाइयो।नामिबियाका कप्तानले टस जित्न नसकेकोमा गुनासो नै गरेका थिए ।

चुनौती र अवसर

स्कटल्यान्ड र नामिबियासँगको शृङ्खलाामा आफ्नो वर्चस्व कायम राख्नु नेपालका लागि सन् २०१४ को विश्वकप छनोटपछिको सबैभन्दा सानदार घटना हो।अब आगामी साताबाट यूएईमा हुने अर्को शृङ्खलाामा आफ्नो लय कायम राख्दै जित्ने गर्नु खेल्नुपर्ने चुनौती नेपाली टोलीसमक्ष छात्यहाँ नेपालले लीग-२ अन्तर्गत यूएई र पपुवा न्यूगिनीसँग चारवटा खेल खेल्नेछ । यही लयलाई कायम राख्न सके नेपालले सजिलैसँग ओडीआई मान्यता जोगाउन सक्छ । विविसी

# वीरगंजमा लामखुट्टे नियन्त्रणका लागि विषादी छर्न सुरु



वीरगंज, ११ फागुन । वीरगंज महानगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि ऐयर स्प्रे तथा पम्प स्प्रेमार्फत विषादी छर्न सुरु गरेको छ । गर्मी सुरु भएसँगै वीरगञ्जमा लामखुट्टेको प्रकोप बढ्न थालेपछि नियन्त्रणका लागि 'ऐयर स्प्रे तथा पम्प स्प्रे' मार्फत विषादी छर्न सुरु गरेको वीरगञ्ज महानगरपालिकाले जनाएको छ । सरसफाइ व्यवस्थापन शाखाका अधिकृत सरफुदिन मियाले बुधबारदेखि 'ऐयर स्प्रे र पम्प स्प्रे' गर्न थालिएको जानकारी दिएका छन् । पहिलो दिन महानगरपालिकाको वडा नं. १, २ र ३ फगिङ गरिएको र वडा नम्बर ४ मा पम्प स्प्रे गरिएको उनले बताए । ऐयर स्प्रेमा हावामा मट्टीतेलमा विषादी मिसाएर छर्ने गरिएको छ भने खुल्ला नालामा पम्पले स्प्रे गरिन्छ । बिहान १० बजेदेखि नै पम्पमा विषादीसहितको घोल बनाएर नाला तथा पानी जमेका स्थानमा छर्कने गरिएको अधिकृत मियाले बताए । उनका अनुसार ऐयर स्प्रे मेसिनबाट बेलुका ५ बजेपछि विषादी छर्ने काम भई रहेको छ । चैत ६ गतेसम्म ३२ वटै वडामा लामखुट्टे मार्ने विषादी छर्कनेगरि तालिका बनाइएको छ । लामखुट्टेको लार्भा मार्न बिहान र दिउँसोको समयमा ३ राउण्ड पम्प स्प्रे गर्ने र वयस्क लामखुट्टे मार्न बेलुका ऐयर स्प्रे गर्ने गरिएको महानगरपालिकाले जनाएको छ।

वीरगञ्जमा चिसो र गर्मी मौसम सुरु हुँदै गर्दा लामखुट्टेको अत्याधिक प्रकोप देखिन्छ । लामखुट्टे हुर्कन नदिन र हुर्किसकेकोलाई नियन्त्रण गर्न वीरगञ्ज महानगरपालिकाले वर्षमा दुईपटक विषादी छर्ने गरेको छ।

लामखुट्टेको टोकाइबाट फैलिन सक्ने डेंगु, मलेरियाजस्ता प्राणघातक रोगको संक्रमण फैलन नदिन विषादी छर्न सुरु गरिएको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताए।

# स्ववियु निर्वाचन नजिकिदा विद्यार्थी संगठनहरुको सक्रियता बढ्दै

मधेशदृष्टि
वीरगंज, ११ फागुन ।
स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचनका नजिकीदै गर्दा वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा विद्यार्थी संगठनहरुको सक्रियता बढ्दै गएको छ।

नेविसंघ, अनेरास्ववियू, अनेरास्ववियू क्रान्तिकारी सहित मधेशवादी दलका विद्यार्थी संगठन अहिले संगठन विस्तारमा लागको छन । सोही क्रममा जनता समाजवादी पार्टी (जसपा) निकट समाजवादी विद्यार्थी संघले क्याम्पसमा संगठन विस्तारलाई जोड दिएको छ । संगठन विस्तार अभियानअर्न्तगत विहिवार संघले व्यवस्थापन संकायतर्फ स्नातक तह प्रथम वर्ष कक्षा ईकाई कमिटी गठन गरेको छ। सौकत अलीको अध्यक्षतामा १९ सदस्यीय कक्षा कमिटी गठन गरिएको हो । क्याम्पसको शैक्षिक, भौतिक लगायतका अवस्थाको सुधारका लागि विद्यार्थी संगठनको आवश्यक्ता रहेको हुँदा सो कुरालाई मध्य नजर गर्दै संगठन विस्तारलाई जोड दिएकोसमाजवादी विद्यार्थी संघका क्याम्पस इकाई कमिटी अध्यक्ष हरेन्द्र साहले बताए।

आगामी चैत ५ गते हुने स्ववियू निर्वाचनलाई लक्षित गरेर विद्यार्थी संगठनहरुले आ-आफ्नो संघ संगठनलाई सुदृढ र सशक्त बनाउदै अगाडी बढेका छन । विशेष गरी ठाकुर राम क्याम्पस नेविसंघको गढको रुपमा चिनिए पनि कांग्रेस भित्रको अन्तरकलह विद्यार्थी संगठनमा घुस्दा विगतका स्ववियू निर्वाचनमा नेविसंघ कै दुई वटा प्यालन हुने गरेको इतिहास छ। अहिले पनि ठाकुर राम क्याम्पसमा नेविसंघ एक जुट भएर चुनावमा गए अन्य संगठनसँग कडा प्रतिस्पर्धा हुने विद्यार्थी नेताहरु बताउछन।

# महायज्ञमा दर्शनार्थीहरुको भिड्

मधेशदृष्टि
वीरगंज, ११ फागुन। रौतहटको गौरमा गत फागुन ४ गते देखि शुरु भएको विष्णु महायज्ञको विहिवार आठौं दिन पनि दर्शनार्थीको भीड लागेको थियो।

नौतले विशाल मण्डप तथा ५१ कुण्डीय महायज्ञमा भारतीय क्षेत्रदेखि भक्तजन सहभागी भएको महायज्ञ समितिका अध्यक्ष पवन साहले बताएका छन्। अयोध्याका सन्त श्री रामअनुग्रहदासजी महाराजको पहलमा कलश यात्रा निकाली महायज्ञ शुरुवात भएको उनले जानकारी दिए।

महायज्ञमा २४ घण्टा अखण्ड रामधुन, विद्वान् आचार्यद्वारा पूजापाठ, हवन, जप र भजनकीर्तनलगायतका कार्यक्रम भइरहेका छन्।

# सांसद रिजालद्धारा वृद्धवृद्धा असहाय कल्याण समाजको निरिक्षण

मधेशदृष्टि
वीरगंज, ११ फागुन । पर्सा निर्वाचन क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्य रमेश रिजालले ठोरी गाउँपालिका वृद्धबृदा असाय कल्याण समाजको निरीक्षण गरेका छन्।

उनले विहिवार ठोरी गाउँपलिका वडा नम्बर १ स्थित भगवान नगरमा रहेको संस्थाको भवनमा पुगि अवलोकन गरेका हुन । नेपाली काङ्गेसका केन्द्रिय सदस्य समेत रहेका सांसद रिजालले वृद्धबृदा असाय कल्याण समाजको बिकाश, संरक्षण, प्रवंद्धन र व्यवस्थापकीय पक्ष सुधार गर्ने विषयमा चासो व्यक्त गरे । साथै उनले यस समाजमा बसोबास गर्ने वृद्धबृदाहरुका लागि व्यक्तीगत रुपमा १० हजार रुपैयाँ संस्थाका अध्यक्ष आस बहादुर गुरुङ लाई हस्तान्तरण गरेका थिए । वृद्धबृदा असाय कल्याण समजाको संसाद रिजालसंगै मधेस प्रदेश नेपाल काङ्गेसका प्रदेश सभा सदस्य शंकर प्रसाद चौधरी, जगन्नाथपुर गाउँपालीका प्रमुख श्रीकान्त यादव, नेपाली काङ्गेस ठोरी गाउँपालीका सभापति सन्तोष श्रेष्ठ, नेपाली काङ्गेसका स्थानीय नेता राम बहादुर श्रेष्ठ लगाएका नेताले निरीक्षण गरेका छन्।

# मधेश, देशकै संघियता कार्यान्वयनको कोशेढुङ्गा : निर्वातमान मुख्यमन्त्री राउत

मधेशदृष्टि
वीरगंज,११ फागुन।
विभिन्न बाधा र अवरोधहरु चिर्दै मधेश प्रदेश सरकारका प्रथम मुख्यमन्त्री लालबाबु राउत ५ बर्षे कार्यकाल सम्पन्न गरे । उनको कार्यकालमा मधेशले नाम मात्रै पाएन, कानुन र नीति नियम धेरै बने अहिले त्यहि कानुन र नीति नियममा रहेर मधेश प्रदेश सरकार अगाडी बढी रहेको छ।



मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लाल बाबु राउतले आफ्नो कार्यकालमा कर्मचारीको अभाव र कोरोना महामारीले प्रदेश सरकारले योजना अनुसारको काम गर्न नसकेको स्वीकार गरेका छन्।

प्रदेश सरकारले कानुन निर्माण, सामाजिक रुपमान्तरणमा लगायतका अकर्षक कार्यक्रम ल्याएपनि त्यसले निरन्तरता पाउन नसकेकोमा चिन्तित छन् । कर्मचारीको अभाव तथा कारोना महामारीको कारण भौतिक पूर्वाधार अन्तर्गत काम सुस्त भएकोमा राउत दुःखी छन्।

उनको कार्यकालमा प्रादेशिक गौरवका योजना अन्तर्गत प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा ५ किलोमिटरको दरले कालोपत्रे सडक निर्मार्ण गर्ने योजना ल्याईएको थियो। त्यसैगरी आफ्नो कार्यकालमा मधेश प्रदेशको आफ्नै कार्य नीति कार्यान्वयका लागि ऐन कानुनको निर्माण, कर्मचारीको अभाव, कोराना महामारी ,भौतिक पूर्वाधारको अभाव तथा संघीय सरकारको असहयोगको कारण चाहे जति काम गर्न नसकेको अनुभव उनिसँग छ।

'संघीयता कार्यान्यिनका प्रदेश सरकारजति संघीय सरकार प्रतिवद्ध रहेको भएको आफूले अझ राम्रो काम गर्न सक्ने दावी गर्दै राउतले संघीय सरकार संविधानमा प्रदेशलाई दिएको अधिकारपनि कटौति गर्न खोज्दा आफूहरु संघीय सरकारविरुद्ध नै अदालत जानुपर्ने अवस्था आएको हुँदा प्रदेशले जनताका पक्षमा बनाएका योजना पुरा गर्ने आफ्नो अभियान अधुरो रहेको बताए।

मधेश प्रदेश सरकारले प्रदेशको नाम र राजधानीको टुंगो लगाउनु, छिमेकी मुलुक भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगि आदित्यनाथको जनकपुरधाम भ्रमणलाई राउतले प्रदेश सरकारको उपलब्धीको रुपमा प्रस्तुत गरेका छन्।३ फागुन २०७४ मा गठन भएको प्रदेश सरकारले आफ्ना पहिलो वैठकमा मधेश आन्दोलनमा ज्यान गुमाएका शहिद परिवारलाई रोजगारी र घाइतेलाई राहत दिने निर्णय गरेको थियो । सोही अनुरुप मधेश प्रदेश सरकारले आफ्नो कार्यकालमा शहिद परिवारका सदस्यहरुलाई प्रदेश मातहतका सरकारी कार्यालयहरुमा नियुक्ति दिएको राउतले बताए।

मुख्यमन्त्री राउतले आफ्नो कार्यकालमा सबै शहिद परिवारलाई सरकारी जागिर उपलब्ध गराउन नसके पनि कामको सुरुवात गरेकोमा गर्व गरेका छन। आफ्नो कार्यकालमा मधेश आन्दोलनका शहिद तथा घाइतेका परिवारजनलाई समय समयमा आर्थिक सहयोग उपलब्ध गराई उनिहरुको आर्थिक समस्यालाई धेरै हद सम्म समाधान गर्ने प्रयास गर्दै आएको राउतले स्मरण गरेका छन।

प्रदेश सरकारले सबभन्दा बढी चर्चा पाउने कार्यक्रम' मुख्यमन्त्री बेटि पढाउ, बचाउ बेटी अन्तर्गत माघ १ देखि जन्म लिने छोरीलाई ३ लाखको शैक्षिक विमा र सामुदायिक विद्यालयमा पढने छात्रालाई साइकल वितरण लागयतका कार्यक्रमहरु छन । सो क्रममा मधेशका ७७१ वटा सामुदायिक विद्यालयका ३७ हजार ३५४ जना छात्रालाई साईकल वित्तरण गरेकोमा राउतले आत्मसन्तुष्टि भएको बताउछन।

त्यसैगरि, मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत प्रदेशका विभिन्न २७ वटा पोखरी एवम् सार्वजनिक धार्मिक पर्यटकीय स्थलहरुको सौन्दर्यीकरणको काम आफ्नो कार्यकालमा अगाडी बढेको राउत बताउछन। मधेश प्रदेशमा एक सय भन्दा बढी समुदायिक विद्यालयमा छात्रामैत्री सामुदायिक विद्यालय निर्माण गरेकोमा यो पनि प्रदेश सरकारले उपलब्धि भएको राउतको ठहर छ।

कोरोना महामारीममा कृषि कर्जा लिएका किसानको व्याज अनुदानमा प्रदेश सरकारले २२ करोड खर्च गरेको छ। एक सय किसानलाई ट्र्याक्टर, ५३७ थान कृषि सम्बन्त्री विभिन्न यन्त्रहरु किसानलाई वित्तरण, तथा कोरोना महामारीमा रोजगार गुमाएका अति विपन्न परिवारलाई राहत वित्तरणमा ३० करोड खर्च गरेको कुरालाई समेत राउतले आफनो कार्यकालको उपलब्धी भएको ठान्दछन।

प्रथम मुख्यमन्त्री राउतले भने,' कोरोना महामारी सुरु हुदाँ हामीसँग एउटापनि पिसिआर टेस्ट गर्ने मेसिन थिएन, नत सरकारी अस्पतालहरुको आईसियुको राम्रो प्रबन्ध थियो। तर अहिले प्रत्येक जिल्लामा पिसिआर मेसिन, सबै अस्पतालमा आईसियुको राम्रो प्रबन्ध भएको छ।

प्रदेश सरकारले करिब ५ दर्जनको कानुन बनाउनुपर्ने हुन्छ। आफ्नो कार्यकालमा अधिकांश कानुन बनाई सकेको र प्रदेश प्रहरी ऐन बनाएको ३ वर्ष भईसक्दा पनि संघीय सरकारका कारण कार्यान्वयमा आउन नसकेकोमा पूर्व मुख्यमन्त्री राउतले दुखेसो गरे। 'धेरै ऐनहरु कार्यान्वयमा आईसकेको छ। तर केहि कानुन कार्यान्यन हुन बाँकी छ,' मुख्यमन्त्री राउतले भने, प्रदेश सरकारसँग अहिले पनि कर्मचारीका चरम अभाव छ, लामो समयदेखि प्रमुख सचिव नहुनु दुखदायी विषय थियो।

त्यसका बावजुद पनि आफ्नो कार्यकालमा जनताको अपेक्षा अनुसार अगाडी बढ्ने प्रयास मधेश सरकारले गरेको राउतले दावी गरे । 'शहिद परिवारजनको समस्या समधानका लागि मधेशी शहिद प्रतिष्ठान, दलित सशक्तिकरणको लागि दलित विकास समिति गठन गदै पूर्व मुख्यमन्त्री राउतले मधेशमा वर्ग समुदाय, धर्म तथा जातजातीको जनसंख्याको अधारमा सरकारी निकायमा पहुच बढाउने गरि समावेशी कानुन ल्याएको र प्रदेशमै पहिलो पटक आर्थिक सुशासन कायम गर्न प्रदेश जनलोक पाल आयोग गठन गरेको बताए।

कर्मचारी भर्ना गर्न प्रदेश लोक सेवा आयोग, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगायतका आवश्यक कानुन आफ्नै कार्यकालमा आएकोमा उनले खुशी व्यक्त गरे।

जनताको ठूलो आंकाक्षा प्रदेश सरकारले पूरा गर्न नसकेपनि प्रदेशवासीले प्रदेश सरकारको अनुभुति भने गर्न पाएको राउतले बताए।

विगतमा केन्द्र सरकारले सहयोग गर्ने आशामा महिनौको पखाईमा बस्नुपर्ने अवस्थामा प्रदेश सरकारले तत्कालन नै कोरोना संक्रमण देखि दैविक विपत्तिका घटनामा राहतको काम गरेको स्मरण गरे। शहिद परिवारलाई रोजगारी, घाईतेलाई राहत स्वरुप आर्थिक सहयोग, दैविक प्रकोपको कारण मृत्यु,आगजनी भएर घरवार जलेर नष्टकालाई आर्थिक सहयोग, आर्थिक अभावमा उच्च शिक्षा अध्ययन गर्न नपाएकालाई दलित छात्रालाई आर्थिक सहयोग,करेन्ट लागेर मृत्यु भएकाहरुलाई सरकारले तत्काल राहतको व्यवस्था आफ्नो सरकारको पालामा भएकोमा राउतले खुशी प्रकट गरे।

विशेष गरी वीरगंजको विकासका लागि वीरगंज विकास प्राधिकरण गठन गरी वीरगंजलाई आर्थिक राजधानीको रुपमा स्थापित गर्ने आफ्नो सपना रहेको खुलासा गर्दै वीरगंजमा मधेश विश्व विद्यालय स्थापना गर्ने आफ्नो सपना पुरा भएको दावी गरे।

पछिल्लो चरणमा वीरगंजको विकासकालागि मधेश सरकारले १० करोड रुपैया उपलब्ध गराएको स्मरण गर्दै वीरगंजको विकास सँगै भाषा, संस्कृति, संरक्षणमा समेत आफ्नो भूमिका अब झन महत्वपूर्ण हुने दावी राउतले गरे।

मधेशलाई ट्र्याकमा ल्याउन आफुले महत्वपूर्ण समय खर्चिएको दावी गर्दै राउतले सबै बुझि सकेपछि दोश्रो कार्य काल समेत काम गर्न पाएको भए मधेश प्रदेशको विकास र समृद्धिमा नयाँ आयाम थप्न सक्ने भिजन आफूसँग रहेको दावी गरे।

विगतमा मुख्यमन्त्री छदा आफू माथि संस्थागत रुपमै प्रहार भएको र दुखेसो गर्दै आफ्नो नेता उपेन्द्र यादव भएको र उहाँको नीति निर्देशन अनुरुप आफू अगाडी बढने दावी समेत राउतले गरे।

यसैविच बुधवार मात्रै जनता समाजवादी पार्टी (जसपा) नेपालले मधेश प्रदेश सरकारका मुख्य मन्त्रीलाई पार्टीको तर्फबाट आवश्यक सल्लाह, सुझाव र सहयोग गर्न पार्टीका कार्यकारिणी समिति सदस्य लालबाबु राउतको संयोजकत्वमा परामर्श समिति गठन गरेको छ।

समितिले पार्टीको निर्देशन अनुसार मुख्यमन्त्रीलाई समय समयमा आवश्यक सल्लाह सुझाव र सहयोग गर्नुका साथै पार्टी र सरकारबीचको समन्वय गर्ने जिम्मा राउतले पाएका छन। लामो समय देखि मधेश र मधेशी जनताको हितका लागि क्रियाशिल राउतको आगामी दिन समेत मधेशका जनताका लागि प्रेरणादायी बनोस्, मधेशका जनताको यहि चाहना छ।

# हात्तीपाइले रोगविरुद्ध औषधी खुवाउने अभियान सुरु

मधेशदृष्टि
वीरगंज, ११ फागुन। बारा, रौतहट सहित १५ जिल्लामा आजबाट हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान सुरु भएको छ । फागुन ११ गतेदेखि २५ गतेसम्म योा अभियान सन्चालन हुने छ । झापा, मोरङ, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा, रसुवा, लमजुङ, पर्वत, बागलुङ, कपिलवस्तु, बाँके, दाङ र कैलाली जिल्लामा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान सन्चालन भएको हो । दुई वर्ष उमेर पूरा गरेका सबैले यो औषधि खानुपर्छ।

तर दुई वर्ष नपुगेका बालबालिका, गर्भवती, ७ दिनसम्मका सुत्केरी र सिकिस्त भई ओछ्यान परेका बिरामीहरुले भने हात्तीपाइले रोग विरुद्धको औषधि खान नहुने स्वास्थ्य मन्त्रालयले जनाएको छ।

तालिमप्राप्त स्वास्थ्यकर्मीले वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, विद्यालय, सहकारी, धार्मिकस्थल आदिमा बुथ राख औषधि खुवाउने भएकाले आफूलाई पायक पर्ने स्थानमा गएर औषधि खान मन्त्रालयले अनुरोध गरेको छ। औषधि सेवनले हाम्रो शरीरमा हात्तीपाइले रोगको परजीवि भए नस्ट गर्ने र हात्तीपाइले रोगबाट बचाउने स्वास्थ्यकर्मीको भनाइ छ।

लामखुट्टेको टोकाइबाट सर्ने हात्तीपाइले रोग लागेमा खुट्टा, स्तन र अण्डकोष सुन्निन्छ र मानिसको ज्यान पनि जानसक्छ।

# निर्वाचन व्यवस्थापनका काम प्रभावकारीरुपमा सहजीकरण गर्न आयुक्तको आग्रह

मधेशदृष्टि
वीरगंज, ११ फागुन। निर्वाचन आयोगका आयुक्त डा. जानकीकुमारी तुलाधरले स्थानीय तहमा रहेका निर्वाचन सम्पर्क व्यक्तिलाई निर्वाचन व्यवस्थापनका काममा प्रभावकारीरूपमा सहजीकरण गर्न आग्रह गरेकी छन्।

निर्वाचन सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्न विहिवार बारामा आयोजित दुईदिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उनले सो कुरा बताएकी हुन । उनले मतदाता नामावली सङ्कलन एवं अद्यावधिक मतदाता शिक्षा कार्यक्रम सञ्चालन, निर्वाचनसम्बन्धी सूचना सहजरूपमा मतदाता एवं सरोकारवाला पक्षसँग पुर्‍याउन निर्वाचन सम्पर्क व्यक्तिको भूमिका महत्वपूर्ण हुने बताए।

उनले स्थानीय तहमा रहेका निर्वाचन सम्पर्क व्यक्तिले आयोग र जनताका बीचमा समन्वय र सहकार्य गरी सेतुका रूपमा काम गर्नुपर्ने बताए।

डा तुलाधरले आयोगले स्थानीय तहसँगको समन्वय र सहकार्य गरी मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने काम, निर्वाचन शिक्षा तथा मतदाता जागरण काम गरी सुसूचित मतदाता तयार गर्ने काम गर्दै निर्वाचनमा धेरैभन्दा धेरै मतदाताको सहभागिता गराउँदै बदर मत प्रतिशतलाई न्यूनीकरण गर्ने लक्ष्य लिइएको बताए।

कार्यक्रममा बारा, पर्सा र रौतहट जिल्लाका ४८ स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिको सहभागीता रहेको थियो।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल